# एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइसम्बन्धी कष्टमाइज्ड शिक्षक तालिम

# प्रशिक्षक निर्देशिका

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर।
२०७८

**प्रकाशकः**

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर।

©:प्रकाशकमा

**संस्करणः** वि.स. २०७८

**प्राविधिक सहयोगः**

HIMALAYAN TRUST
FOUNDED 1960
BY SIR EDMUND HILLARY

**लेआउट डिजाइनः**

**मुद्रणः**

**सुझाव तथा सल्लाह**

बैकुण्ठप्रसाद अर्याल
केशवप्रसाद दहाल

**लेखन तथा सम्पादन**

गीरमान थापा
प्रेमकृष्ण अर्याल
युवराज अधिकारी
कुन्ती अधिकारी
जगन्नाथ अधिकारी
रजनी धिमाल
राजु श्रेष्ठ
सन्जिवकुमार चौधरी

# भूमिका

नेपालमा विद्यालय शिक्षाको प्रारम्भिक कक्षाहरूमा एकीकृत पाठ्यक्रम लागू भएसँगै यसको कुशल र प्रभावकारी कार्यान्वयनका लागि शिक्षकहरूको क्षमता विकास आवश्यक देखिन्छ। एकीकृत पाठ्यक्रमको सिद्धान्तका आधारमा यसको मर्मलाई ख्याल गर्दै विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षक सक्षम, दक्ष र प्रतिवद्ध हुन आवश्यक छ। एकीकृत शिक्षणसिकाइका माध्यमबाट बालबालिकाहरूलाई सिर्जनशील र खोजमूलक बनाउने र अन्ततोगत्वा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू हासिल गराउन सक्ने गरी शिक्षकको क्षमता विकास हुन पनि त्यत्तिकै जरुरी छ। यसरी एकीकृत पाठ्यक्रमका आधारमा कुशलतापूर्वक शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकको क्षमता विकास गर्ने ध्येयले शिक्षक पेसागत विकास प्रारुप, २०७२ का आधारमा प्रमाणीकरण शिक्षक पेसागत विकास तालिम कार्यक्रम सञ्चालन हुँदै आएको छ। यो प्रमाणीकरण तालिम एक चरणमा १५ दिन अवधिको हुने हुँदा प्रारम्भिक कक्षामा पढाउने सबै शिक्षकहरूलाई तालिम प्रदान गर्न लामो समय लाग्ने देखिन्छ। तसर्थ प्रमाणीकरण शिक्षक पेसागत विकास तालिमलाई निरन्तरता दिँदै छोटो समयावधिमा धेरै शिक्षकहरूलाई कष्टमाइज्ड शिक्षक तालिम प्रदान गर्न पनि आवश्यक भएको छ। एकीकृत पाठ्यक्रममा आधारित प्रमाणीकरण शिक्षक तालिम पाठ्यक्रमका मूलभूत पक्षहरूलाई समेटी कष्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम विकास गरिएको र सोही तालिम पाठ्यक्रमका आधारमा शिक्षक तालिम सहजीकरण गर्न उपयोगी हुने गरी यो प्रशिक्षक निर्देशिका तयार गरिएको छ।

यस प्रशिक्षक निर्देशिकामा एकीकृत पाठ्यक्रममा आधारित शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा तालिम सत्रहरूको सहजीकरण गर्न सजिलो हुने गरी सत्रहरू डिजाइन गरिएका छन्। तालिमलाई अन्तरक्रियात्मक, छलफलमा आधारित र सहभागीकेन्द्रित बनाउन सहयोग पुग्ने गरी क्रियाकलापहरू समावेश गरिएका छन्। विभिन्न तालिम विधि तथा तौरतरिकाहरूको प्रयोग गरी तालिम सहजीकरण गर्न तथा तालिमलाई अभ्यासमा आधारित बनाउन यो प्रशिक्षक निर्देशिका उपयोगी हुने अपेक्षा लिइएको छ।

यस प्रशिक्षक निर्देशिकाको लेखन तथा सम्पादनमा संलग्न सबै महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ। यस निर्देशिकाको विकासमा प्राविधिक सहयोग पुर्याउने हिमालयन ट्रष्ट न्युजिल्याण्डप्रति यस केन्द्र आभार प्रकट गर्दछ।

यस निर्देशिकामा समयसापेक्ष सुधार ल्याउन पाठक एवम् प्रयोगकर्ताहरूबाट केन्द्र सदैव रचनात्मक पृष्ठपोषणको अपेक्षा गर्दछ।

महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर।

# विषयसूची

**विषयवस्तु** **पृष्ठ सङ्ख्या**


१. एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा

१.१ एकीकृत पाठ्यक्रमको अवधारणा

१.२ पाठ्यसामग्रीहरूको परिचय

१.३ पाठ्यक्रम र पाठ्यसामग्रीहरूबिचको अन्तरसम्बन्ध

१.४ एकीकृत विषयक्षेत्रहरू र एकीकृत सिकाइ सहजीकरण प्रक्रिया

२. एकीकृत सिकाइका लागि योजना निर्माण

२.१ विषयक्षेत्रगत शैक्षणिक योजना (एकीकृत वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत) निर्माण

२.२ व्यवहारकुशल सिपमा आधारित दैनिक योजना निर्माण

२.३ एकीकृत सिकाइ सहजीकरणमा कक्षा व्यवस्थापन गर्ने तरिका पहिचान

३. नेपाली विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास

३.१ सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति (योजना, सामग्री र प्रस्तुति)

३.२ सूक्ष्म शिक्षण अभ्यास (योजना, सामग्री, तयारी, प्रस्तुति)

३.३ छलफल र पृष्ठपोषण

४. अंग्रेजी विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास

४.१ सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति (योजना, सामग्री र प्रस्तुति)

४.२ सूक्ष्म शिक्षण अभ्यास (योजना, सामग्री, तयारी, प्रस्तुति)

४.३ छलफल र पृष्ठपोषण

५. गणित विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास

५.१ सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति (योजना, सामग्री र प्रस्तुति)

५.२ सूक्ष्म शिक्षण अभ्यास (योजना, सामग्री, तयारी, प्रस्तुति)

५.३ छलफल र पृष्ठपोषण

६. हाम्रो सेरोफेरो विषयको एकीकृत सिकाइ सहजीकरण अभ्यास

६.१ सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति (योजना, सामग्री र प्रस्तुति)

६.२ सूक्ष्म शिक्षण अभ्यास (योजना, सामग्री, तयारी, प्रस्तुति)

६.३ छलफल र पृष्ठपोषण

७. विद्यार्थी सिकाइ मूल्याङ्कन

७.१ एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया

७.२ विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रिया र प्रयोगात्मक अभ्यास

७.३ विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय, निर्माण र प्रयोग

# तालिम कार्य तालिका

| दिन | प्रथम सत्र | दोस्रो सत्र | तेस्रो सत्र |
|---|---|---|---|
| | १०:३०-१२:०० | १२:१५-१:४५ | २:३०-४:०० |
| पहिलो | एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइको अवधारणा | एकीकृत सिकाइका लागि योजना निर्माण | नेपाली विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति |
| दोस्रो | नेपाली विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सूक्ष्म शिक्षण अभ्यास | नेपाली विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सूक्ष्म शिक्षण अभ्यास | अंग्रेजी विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति |
| तेस्रो | अंग्रेजी विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सूक्ष्म शिक्षण अभ्यास | अंग्रेजी विषयमा एकीकृत सिकाइ सहजीकरण अभ्यास | गणित विषयको एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सूक्ष्म शिक्षण अभ्यास |
| चौथो | गणित विषयको एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सूक्ष्म शिक्षण अभ्यास | गणित विषयको एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सूक्ष्म शिक्षण अभ्यास | हाम्रो सेरोफेरो विषयको एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सहजकर्ताबाट नमुना शिक्षण प्रस्तुति |
| पाचौं | हाम्रो सेरोफेरो एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सूक्ष्म शिक्षण अभ्यास | हाम्रो सेरोफेरो एकीकृत सिकाइ सहजीकरण अभ्यास<br>सूक्ष्म शिक्षण अभ्यास | विद्यार्थी सिकाइ मूल्याङ्कन |

# एकीकृत पाठ्यक्रम आधारित शिक्षण सिकाइको अवधारणा

**दिनः पहिलो** **सत्रः पहिलो** **समयः १ घण्टा ३० मिनेट**

## परिचय

दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण गरिएको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रम भनिन्छ। एकीकृत पाठ्यक्रमका विभिन्न ढाँचाहरू मध्ये विषयगत, बहुविषयगत, अन्तरविषयगत र विषयविहीन ढाँचा प्रचलित छन्। नेपालको आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम (एकीकृत पाठ्यक्रम) समग्रमा बहुविषयक ढाँचामा र हाम्रो सेरोफेरो अन्तरविषयक ढाँचामा विकास गरिएको छ। पाठ्यक्रमलाई व्यावहारिक, सान्दर्भिक र सहज रूपमा कार्यान्वयन गर्नको लागि पाठ्यसामग्रीहरूको रूपमा पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक विकास गरिएको छ। यी सामग्रीहरूको प्रयोग गरी दुई वा दुई भन्दा बढी विषयका मिल्दाजुल्दा विषयवस्तु तथा सिकाइ उपलब्धिको पहिचान गरी एकीकृत ढाँचामा सिकाइ सहजीकरणको योजना बनाइ कार्यान्वयन गर्ने र नमिल्ने विषयवस्तुलाई सरल देखि जटिलताको क्रममा राखेर सिकाइ सहजीकरण गर्ने पक्षमा वर्तमान पाठ्यक्रमले जोड दिएको छ।

## उद्देश्य

सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्।

(क) एकीकृत पाठ्यक्रमको अवधारणासित परिचित हुन र नेपालको एकीकृत पाठ्यक्रमका विशेषताहरू पहिचान गर्न,

(ख) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा आधारित पाठ्यसामग्रीको विशेषताहरू पहिचान गर्न,

(ग) पाठ्यक्रम तथा पाठ्यसामग्रीबिचको अन्तरसम्बन्ध पहिचान गर्न,

(घ) एकीकृत विषयक्षेत्रहरू पहिल्याउन र एकीकृत सिकाइ सहजीकरण प्रक्रियाको अवधारणा बताउन।

## सामग्री

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)

## मुख्य विषयवस्तु

- एकीकृत पाठ्यक्रमको अवधारणा र आधारभूत तह कक्षा (१-३) को पाठ्यक्रम
- पाठ्यसामग्री (पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक) को परिचय र विशेषताहरू
- पाठ्यक्रम तथा पाठ्यसामग्रीबिचको अन्तरसम्बन्ध
- एकीकृत विषयक्षेत्रहरू र एकीकृत सिकाइ सहजीकरण प्रक्रिया

## क्रियाकलाप सहजीकरण प्रक्रिया

**क्रियाकलाप १: एकीकृत पाठ्यक्रमको अवधारणा (१५ मिनेट)**

- सहभागीहरूलाई एकीकृत पाठ्यक्रम सम्बन्धमा मस्तिष्क मन्थन गराउनुहोस्।
- सहभागीहरूको अनुभवहरूलाई शैक्षणिक पाटीमा टिप्नुहोस्।
- एकीकृत पाठ्यक्रमको अवधारणा सम्बन्धमा तयार गरिएको स्लाइडको माध्यमबाट सहभागीहरूले प्रस्तुत गरेका अनुभवहरूलाई समेट्दै एकीकृत पाठ्यक्रमको परिचय दिनुहोस्।

> बालबालिकाको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै बालबालिकाको सक्रियतालाई केन्द्रमा राखी सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्ने गरी विकास गरिएको पाठ्यक्रम नै एकीकृत पाठ्यक्रम हो।

- सहभागीहरूलाई चार समूहमा बिभाजन गर्नुहोस्। प्रत्येक समूहलाई मेटाकार्डमा निम्न शीर्षक लेखी छलफल गर्न लगाउने।
    - समूह कः विषयगत ढाँचा (Disciplinary design)
    - समूह खः बहुविषयगत ढाँचा (Multidisciplinary design)
    - समूह गः अन्तरविषयक ढाँचा (Interdisciplinary design)
    - समूह घः विषयविहिन ढाँचा (Trans-disciplinary design)
- स्लाइड प्रस्तुतीकरण तथा चित्रको माध्यमबाट माथि उल्लिखित चारओटै ढाँचाको परिचय दिई नेपालको समग्र एकीकृत पाठ्यक्रम बहुविषयक ढाँचामा र हाम्रो सेरोफेरो विषय अन्तरविषयक ढाँचामा विकास गरिएको कुरा उदाहरणसहित प्रष्ट पार्नुहोस्।

**क्रियाकलाप २: आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमका विशेषता (१५ मिनेट)**

- वर्तमान एकीकृत पाठ्यक्रममा कस्ता कस्ता पक्षहरूलाई समेटिएको छ ? कुन पक्षलाई बढी जोड दिएको छ ? प्रश्नमा छलफल गराउनुहोस्। प्रत्येक सहभागीलाई एउटा एउटा पक्ष प्रस्तुत गर्न लगाउनुहोस् र शैक्षणिक पाटीमा लेख्दै जानुहोस्।
- सहभागीहरूद्वारा प्रस्तुत गरेका पक्षहरूलाई समेट्दै एकीकृत पाठ्यक्रमका मुख्य विशेषताहरू बताउनुहोस्।
- सहभागीहरूलाई पाँच ओटा समूहमा विभाजन गर्नुहोस्। पाठ्यक्रम समूहगत रूपमा वितरण गर्नुहोस् र तपसिलका पक्षहरूमा समूहगत रुपमा अध्ययन गर्न लगाई समूहको निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस्।
    - समूह कः एकीकृत पाठ्यक्रमको आवश्यकता, औचित्य र महत्व
    - समूह खः एकीकृत पाठ्यक्रम ढाँचा र संरचना
    - समूह गः एकीकृत पाठ्यक्रम सिकाइ सहजीकरण प्रक्रिया
    - समूह घः एकीकृत पाठ्यक्रममा मूल्याङ्कन प्रक्रिया
    - समूह ङः व्यवहारकुशल सिप र प्रयोग गर्ने तरिका
- प्रत्येक समूहले प्रस्तुत गरिसकेपश्चात् अन्य समूहलाई आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस्। सहजकर्ताले स्लाइडद्धारा माथि उल्लिखित एकीकृत पाठ्यक्रम ढाँचा र संरचना (बहुविषयक र अन्तरविषयक, विषयहरू, पाठ्यघण्टा र कार्यघण्टा आदि) सहजीकरण, मूल्याङ्कन प्रक्रिया तथा व्यवहारकुशल सिपका पाँच मुख्य क्षेत्र र ती क्षेत्रअन्तर्गत पर्ने २९ ओटा सिपहरूको जानकारी दिनुहोस्।

**क्रियाकलाप ३: पाठ्यसामग्रीको परिचय र विशेषताहरू (३० मिनेट)**

- सहभागीहरूलाई तीन/चार समूहमा विभाजन गर्नुहोस्। प्रत्येक समूहलाई तपसिलको पाठ्यसामग्रीको अध्ययन गर्न लगाई मुख्य मुख्य विशेषताहरूको सूची चार्ट पेपरमा तयार गर्न लगाउने।
    - समूह कः पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (परिचय र विशेषता)
    - समूह खः शिक्षक निर्देशिका (परिचय र विशेषता)
    - समूह गः विद्यार्थी पाठ्य तथा कार्य पुस्तक (परिचय र विशेषता)
- माथि उल्लिखित कार्यलाई समूहगत रूपमा प्रस्तुत गर्न लगाउने र स्लाइडमार्फत थप पृष्ठपोषण प्रदान गर्ने।

**क्रियाकलाप ४: पाठ्यक्रम तथा पाठ्यसामग्री बिचको अन्तरसम्बन्ध (१० मिनेट)**

- माथि छलफल गरिएका पाठ्यक्रम र पाठ्यसामग्रीको आधारमा पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू (मार्गदर्शन, निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक) बिचको अन्तरसम्बन्ध पहिचान गर्न लगाउने।
- सहभागीहरूले प्रस्तुत गरेका अनुभवहरूलाई समेट्दै पाठ्यक्रम सिकाइ प्रक्रियाको योजनाको रुपमा रहेको र उक्त योजनालाई सहज र सरल बनाई निर्धारित सक्षमता तथा सिकाइ उपलब्धि हासिल गराउन पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र पाठ्य तथा कार्यपुस्तकले सहयोग गर्ने कुरा बताइदिने।

**क्रियाकलाप ५: एकीकृत विषयक्षेत्रहरू र एकीकृत सिकाइ सहजीकरण प्रक्रिया (१५ मिनेट)**

- सहभागीहरूलाई एकीकृत पाठ्यक्रम वितरण गर्ने र एकीकृत विषयक्षेत्रहरू पहिचान गर्न लगाउने।
- एकीकृत विषयक्षेत्रहरूमा छलफल गर्दा बहुविषयक र अन्तरविषयक ढाँचामा कुन कुन विषयक्षेत्रहरूलाई कसरी राखिएको छ ? छलफल गराई प्रस्तुत गर्न लगाउने।

| क्र.स. | विषयक्षेत्रको वितरणको अवस्था | विषयक्षेत्र | सङ्ख्या |
|---|---|---|---|
| १ | चारओटै क्षेत्र भएका विषयक्षेत्रहरू | १. म र मेरो परिवार<br>२. मेरो दैनिक जीवन<br>३. मेरो विद्यालय<br>४. सञ्चार प्रविधि र बजार | ४ |
| २ | तीनओटै क्षेत्र भएका विषयक्षेत्रहरू | १. हाम्रो समुदाय (अंग्रेजी बाहेक)<br>२. हाम्रो वातावरण (गणित बाहेक)<br>३. मेरो सिर्जना (अंग्रेजी बाहेक)<br>४. हाम्रो संस्कृति (गणित बाहेक) | ४ |
| ३ | दुईओटा क्षेत्र भएका विषयक्षेत्रहरू | १. हाम्रो वरपरको संसार (सेरोफेरो र नेपाली)<br>२. बानी र रूची (नेपाली र अंग्रेजी) | २ |
| | | | |

| | | | |
|---|---|---|---|
| ४ | विषयगत क्षेत्रहरू | अंग्रेजी विषयमा मात्र<br>१. वर्ण<br>२. मेरा सरसामान<br>३. फरफूल र तरकारी<br>४. चरा र जनावर<br>नेपालीमा मात्र<br>१. हाम्रा क्रियाकलाप<br>सेरोफेरोमा मात्र<br>१. हाम्रा वरपरका सजीवहरू<br>गणितमा मात्र<br>१. सङ्ख्याको ज्ञान<br>२. गणितका आधारभूत क्रिया<br>३. नाप र तौल | ९ |

- चारओटै विषयमा साझा क्षेत्र वा थिम, तीनओटा विषयमा भएका साझा थिम, दुई ओटा विषयमा मात्र भएका साझा थिम र विषयगत थिममात्र पहिचान गर्न लगाई प्रस्तुत गर्न लगाउने र निम्न चार्टको आधारमा आवश्यक पृष्ठपोषण दिने।
- एकीकृत सिकाइ सहजीकरणको लागि एकीकृत विषयक्षेत्र तथा सिकाइ उपलब्धिलाई तपसिलको उदाहरणसहित प्रष्ट पार्ने।

| विषयक्षेत्र | गणित सिकाइ उपलब्धि | अंग्रेजी सिकाइ उपलब्धि | हाम्रो सेरोफेरो सिकाइ उपलब्धि | नेपाली सिकाइ उपलब्धि |
|---|---|---|---|---|
| म र मेरो परिवार | • स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर, अगाडि र पछाडि, तल र माथि, दायाँ, बायाँ र बिच, नजिक र टाढा छुट्याउन, | • Recognize and read familiar words accompanied by visuals,<br>• Draw lines, curves, circles, etc., trace the letters and write them | • साधारण उपकरणको अवलोकन<br>• आफ्नो परिवारका सदस्यको नाम र नाता, परिवारका मुख्य मुख्य | • पठन तथा लेखन पूर्वको चरण प्रविधिसम्बद्ध<br>• सामग्री नाम<br>• दिइएका सङ्केतका आधारमा छड्के, सिधा र गोलो |

| | | | | |
|---|---|---|---|---|
| | • १ देखि २० सम्मका सङ्ख्याको गणना, पढाइ लेखाइ, तुलना गर्न | | कार्यहरू, • मोटा, मसिना, सिधा, बाङ्गाटिङ्गा रेखा कोर्न | रेखा कोर्न, चित्रमा रङ भर्न |

- पमठ्यक्रममा माथि उल्लिखित पक्षहरूलाई छुट्याइए तापनि सम्भव भएसम्म सिकाइ सहजीकरण गर्दा एकीकृत गरी सिकाउन सकिने निष्कर्ष दिने जस्तो सेरोफेरोमा हाम्रा वरपरका सजीवहरू मात्र भएतापनि यस भित्रका विषयवस्तुहरू सहजीकरण गर्दा नेपाली, अङ्ग्रेजी र गणितमा समेत मिल्ने कुराहरूलाई एकीकरण गरी सिकाउन सकिने कुरा बताइदिने।

**क्रियाकलाप ६: प्रतिबिम्बन/मूल्याङ्कन** **(५ मिनेट)**

- एकीकृत पाठ्यक्रमको सम्बन्धमा तपाईको बुझाइ के रह्यो ?
- एकीकृत पाठ्यक्रमको औचित्यलाई कसरी प्रष्ट पार्न सक्नुहुन्छ ?
- नेपालमा कार्यान्वयन भइरहेको एकीकृत पाठ्यक्रमका मुख्य विशेषताहरू के के रहेछन् ?
- पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकबिचको अन्तरसम्बन्ध कस्तो पाउनु भयो ?
- एकीकृत विषयक्षेत्रहरू पहिचान गर्न सक्नुभयो ?
- एकीकृत सिकाइ सहजीकरण कसरी गर्न सकिने रहेछ ?

# एकीकृत सिकाइका लागि योजना निर्माण

**दिनः पहिलो** **सत्रः दोस्रो** **समयः १ घण्टा ३० मिनेट**

## परिचय

पाठ्यक्रमले निर्धारण गरेका अपेक्षित सक्षमता तथा सिकाइ उपलब्धि पूरा गराउन, सिकाइ सहजीकरणलाई सान्दर्भिक, व्यावहारिक, सहभागितामूलक बनाउन र मूल्याङ्कनलाई आधिकारिक बनाउन तयार गरिने योजना नै शैक्षणिक योजना हुन्। एकीकृत पाठ्यक्रमअनुसार विभिन्न विषयवस्तुलाई एकीकृत गरी सिकाइ गराउनको लागि पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ वा थिमगत योजना र दैनिक पाठ योजनाको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ। यी विविध किसिमका शैक्षणिक योजना निर्माण गर्दा विद्यार्थीहरूमा विकास गराउन सकिने व्यवहारकुशल सिपहरू समेत एकिन गरी क्रियाकलापको माध्यमबाट उक्त सिपहरू विकास गराउनुपर्ने हुन्छ।

## उद्देश्य

सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्।

(क) विषयक्षेत्रगत शैक्षणिक योजना (एकीकृत वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत) निर्माणको खाका कोर्न

(ख) व्यवहारकुशल सिपमा आधारित दैनिक योजना निर्माण गरी प्रयोग गर्न

(ग) एकीकृत सिकाइ सहजीकरणमा कक्षा व्यवस्थापन गर्ने तरिका पहिचान गर्न।

## सामग्री

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- व्यवहारकुशल सिपमा आधारित नमुना दैनिक पाठयोजना
- एकीकृत वार्षिक पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ तथा थिमगत नमुना योजना

## मुख्य विषयवस्तु

- विषयक्षेत्रगत शैक्षणिक योजना (एकीकृत वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत) निर्माण
- व्यवहारकुशल सिपमा आधारित दैनिक योजना निर्माण
- एकीकृत सिकाइ सहजीकरणमा कक्षा व्यवस्थापन गर्ने तरिका पहिचान

## क्रियाकलाप सहजीकरण प्रक्रिया

**क्रियाकलाप १: एकीकृत वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत योजना निर्माण (३५ मिनेट)**

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्ने। तपसिलका योजनासँग सम्बन्धित ढाँचासहित अध्ययन सामग्री वितरण गर्ने। समूहमा छलफल गर्न लगाउने।

## वार्षिक शैक्षणिक योजना ढाँचा

शैषिक वर्षः २०७८

विद्यालयको नामः ............... विषयः हाम्रो सेरोफेरो

विषय शिक्षकको नामः ........ कक्षाः १

विद्यालय खुल्ने दिनः २२० वर्षभरि पढाइ हुने दिनः २०५

| महिना | पढाइ हुने दिन | विषयक्षेत्र | विषयक्षेत्र अन्तर्गतका सिकाइ उपलब्धि | कार्य घण्टा | विषयक्षेत्र र विषयक्षेत्र अन्तर्गतका पाठहरू | एकीकृत गर्न सकिने अन्य विषयक्षेत्रका विषयवस्तुहरू | शैक्षणिक सामग्री | शिक्षण विधि तथा तरिका | विद्यार्थी मूल्याङ्कन गर्ने तरिका |
|---|---|---|---|---|---|---|---|---|---|
| बैषाख | १५ | म र मेरो परिवार | | ४० | | | • | | • |
| जेष्ठ | २५ | | | | | | | | |
| असार | | | | | | | | | |
| साउन | | | | | | | | | |
| भदौ | | | | | | | | | |
| असोज | | | | | | | | | |
| कार्तिक | | | | | | | | | |
| ........ | | | | | | | | | |

- कुनै एउटा विषयको एउटा थिमसँग सम्बन्धित तपसिलका शैक्षणिक योजनाको नमुना तयार गरी प्रस्तुत गर्न लगाउने।
    - समूह कः वार्षिक शैक्षणिक योजना (नेपाली/अंग्रेजी)
    - समूह खः वार्षिक शैक्षणिक योजना (गणित/हाम्रो सेरोफेरो)
    - समूह गः एकाइ, थिमगत योजना (नेपाली/अंग्रेजी)
    - समूह घः एकाइ, थिमगत योजना (गणित/हाम्रो सेरोफेरो)
- एउटा समूहले प्रस्तुत गर्दा अन्य समूहलाई सुधारको लागि पृष्ठपोषण दिन लगाउनुहोस् र सहजकर्ताले समेत सुझाव दिनुहोस्।

**क्रियाकलाप २: व्यवहारकुशल सिपमा आधारित दैनिक पाठयोजना निर्माण र प्रस्तुति (३५ मिनेट)**

- सहभागीहरूलाई पाठ्यक्रम तथा नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो विषयको शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक वितरण गर्नुहोस् र प्रत्येक विषयको एउटा पाठ (नेपाली र सेराफेरो) तथा एउटा पिरियडको दैनिक पाठयोजना (अङ्ग्रेजी र गणित) अध्ययन गर्न लगाउनुहोस्।
- त्यसै गरी सहजकर्ताद्धारा व्यवहारकुशल सिपमा आधारित एउटा नमुना दैनिक पाठयोजनासमेत वितरण गर्नुहोस्।
- माथि उल्लिखित सामग्रीहरू अध्ययन गर्दा पाइएका साझा सिकाइका पक्षहरूमा छलफल गर्नुहोस्।
- व्यवहारकुशल सिपमा आधारित एकीकृत दैनिक पाठयोजना निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरूमा छलफल गर्नुहोस्।
- सहभागीहरूलाई चार ओटा समूहमा विभाजन गर्नुहोस्। प्रत्येक समूहलाई तपसिलमा उल्लिखित विषयमा व्यवहारकुशल सिपमा आधारित दैनिक पाठयोजना तयार गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस्।
    - समूह कः गणित विषयको एक पिरियडको दैनिक पाठयोजना निर्माण
    - समूह खः अङ्ग्रेजी विषयको एक पिरियडको दैनिक पाठयोजना निर्माण
    - समूह गः नेपाली विषयको एक पिरियडको दैनिक पाठयोजना निर्माण
    - समूह घः हाम्रो सेरोफेरो विषयको एक पिरियडको दैनिक पाठयोजना निर्माण

- एउटा समूहले प्रस्तुत गर्दा अन्य समूहलाई सुधारको लागि आवश्यक पृष्ठपोषण दिन लगाउनुहोस् र सहजकर्ताले समेत आवश्यक सुझाव दिनुहोस्। एवम् क्रमले सबै समूहको प्रस्तुत गर्न र पृष्ठपोषण दिन लगाउनुहोस्।

**क्रियाकलाप ३: एकीकृत सिकाइ सहजीकरणमा कक्षा व्यवस्थापन गर्ने तरिका पहिचान (१५ मिनेट)**

- एकीकृत सिकाइ सहजीकरण गर्दा कक्षा व्यवस्थापनमा ध्यान पुर्याउने पर्ने पक्षहरूको बारेमा मस्तिष्क मन्थन गराउनुहोस्।
- सहभागीहरूले प्रस्तुत गरेका पक्षहरूलाई शैक्षणिक पाटीमा लेख्नुहोस्। कक्षाकोठा व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुराहरूको बारेमा निम्न निष्कर्ष दिनुहोस्।
- एउटा विषयको सहजीकरण गर्दा तयार गरेको सामग्रीको अर्को विषयसँग मिल्ने विषयवस्तुको अन्तरसम्बन्ध पहिल्याउने, विद्यार्थीहरूको उपयुक्त समूह निर्माण गर्ने (पूर्ण शिक्षक सहयोग समूह, आंशिक शिक्षक सहयोग समूह, साथी समूह, स्वतन्त्र सिकाइ समूह तथा आमने सामने बसाइलगायत), कक्षाकोठाको सजावट, सामग्रीको रखाइ र प्रयोग, कक्षा आचारसंहिता, सहयोगात्मक सिकाइ समूह आदि)

**क्रियाकलाप ४: प्रतिबिम्बन/मूल्याङ्कन (५ मिनेट)**

- शैक्षणिक योजनाको महत्वलाई कसरी प्रष्ट्याउनुहुन्छ ?
- वार्षिक पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ तथा थिमगत योजना बनाई प्रयोग गर्नुको औचित्य के हो ? यस्ता योजना कसरी बनाउन सकिन्छ ?
- व्यवहारकुशल सिपमा आधारित दैनिक पाठयोजना निर्माण गरी शिक्षण सिकाइलाई अपेक्षाकृत कसरी बनाउन सकिएला ?

# पाठ्यक्रम तथा पाठ्यसामग्री प्रयोग र एकीकृत सिकाइ सहजीकरण

**दिनः पहिलो** **सत्रः तेस्रो** **समयः १ घण्टा ३० मिनेट**

## परिचय

आधारभूत तह (कक्षा १–३) को एकीकृत पाठ्यक्रम विभिन्न विषयका विषयगत पाठ्यक्रमलाई अन्तरसम्बन्धित बनाई निर्माण गरिएको पाठ्यक्रम हो। अलग अलग विषयका पाठ्यक्रमले विषयवस्तुलाई पृथकीकृत गराउने हुँदा बालकेन्द्रित सिकाइमा जोड दिई सर्वाङ्गीण बालविकासको अवधारणामा आधारित भई एकीकृत पाठ्यक्रम विकास भएको छ। एकीकृत पाठ्यक्रमले अन्तरविषयक तथा बहुविषयक विषयक्षेत्रमा आधारित भई जीवनोपयोगी तथा व्यवहारकुशल सिपहरूलाई समेत एकीकृत गरेको छ। साथै बालबालिकाको सिकाइ र पढाइ सिप विकासको विद्यमान अवस्थामा सुधार ल्याउन नेपाली विषयको पाठ्यक्रममा भाषिक तत्त्वगत शिक्षणको अवधारणामा आधारित भई पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू विकास भएका छन्। भाषिक सिपको विकासका लागि विद्यार्थी कार्यपुस्तक तथा शिक्षक निर्देशिका विकास गरिएका छन्। यस सत्रमा हामी नेपाली विषयको पाठ्यसामग्रीको ढाँचा, नेपाली विषय र अन्य विषयको साझा सिकाइ, तत्वगत भाषिक क्रियाकलापको बारेमा अध्ययन गर्ने छौँ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुने छन्।

(क) नेपाली विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको परिचय र विशेषता प्रस्तुत गर्न,

(ख) नेपाली विषय र अन्य विषयको साझा सिकाइको विषयवस्तु पहिचान र प्रयोग गर्न,

(ग) भाषिक तत्वका लागि उपयोगी शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति) र सम्भावित क्रियाकलाप प्रस्तुत गर्न।

## सामग्री

- पाठ्यक्रम
- विद्यार्थी कार्यपुस्तक
- शिक्षक निर्देशिका

## विषयवस्तु

- नेपाली विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकाको विशेषता
- नेपाली विषय र अन्य विषयसँगको सिकाइ उपलब्धिको एकीकरणको अवस्था पहिचान र विश्लेषण
- भाषिक तत्वगत रूपमा उपयोग गर्न सकिने शैक्षणिक सामग्री, शैक्षणिक विधि (क्रमिक सिकाइ रणनीति) र सम्भावित क्रियाकलाप

## क्रियाकलाप सहजीकरण प्रक्रिया

**क्रियाकलाप नं. १: पाठ्यक्रम तथा पाठ्यसामग्रीको ढाँचा र विषयवस्तु (३० मिनेट)**

- सहभागीलाई जोडीमा छलफल गरी नेपाली विषयको सिकाइ सहजीकरणमा एकीकृत सिकाइ क्रियाकलाप कसरी गराउन सकिन्छ ? भन्ने बारेमा साझा धारणा बनाई मेटाकार्डमा एक वा दुई वाक्य लेख्न लगाउने। सहभागीले लेखेका कुरा भन्न लगाउने।
- सहभागीले भनेका विचारलाई समेट्दै नेपाली विषयको सिकाइ सहजीकरणमा एकीकृत पाठ्यक्रमको उपयोगका विषयवस्तुलाई पावरप्वाइन्ट प्रस्तुतिका आधारमा स्पष्ट पार्ने। यस क्रममा नेपाली विषयको पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकाको ढाँचा र मुख्य विषयवस्तुका बारेमा बताइदिने।

**क्रियाकलाप नं. २: नेपाली विषय र अन्य विषयसँगको सिकाइ उपलब्धिको एकीकरणको अवस्था पहिचान र विश्लेषण (२५ मिनेट)**

- प्रत्येक सहभागीलाई पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक अध्ययन गर्न लगाउने।
- चारओटै विषयक्षेत्र हुने थिम, तीनओटा विषयक्षेत्र हुने थिम, दुईओटा विषयक्षेत्र हुने थिम र विषयगत रूपमा मात्र संलग्न थिमको बारेमा देहायको ढाँचामा टिपोट गरी भन्न लगाउने।

| कक्षा | चारओटा विषयमा मिल्ने विषयक्षेत्र | तीनओटा विषयमा मिल्ने विषयक्षेत्र | दुईओटा विषयमा मिल्ने विषयक्षेत्र | नेपाली विषयमा मात्रै सम्बन्धित विषयक्षेत्र |
|---|---|---|---|---|
| कक्षा १ | म र मेरो परिवार | | | |
| कक्षा २ | | | | |
| कक्षा ३ | | | | |

- कुनै एक विषयक्षेत्रको मिल्दाजुल्दा सिकाइ उपलब्धिको एकीकरणको अवस्थालाई प्रदर्शन गर्ने। जस्तैः

विषयक्षेत्रः मेरो दैनिक जीवन

| नेपाली विषय सम्बद्ध मुख्य विषयवस्तु | गणित विषय सम्बद्ध विषयवस्तु | अंग्रेजी विषय सम्बद्ध विषयवस्तु | हाम्रो सेरोफेरो विषय सम्बद्ध विषयवस्तु |
|---|---|---|---|
| **ध्वनि सचेतीकरण**<br>● कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तरका आधारमा भाषिक सञ्चार गर्न<br>**श्रव्यदृश्यबोध**<br>●श्रव्यदृश्य सामग्रीबाट सूचना तथा जानकारी लिन र दिन<br>**लेख्यवर्ण सचेतीकरण**<br>● शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्न<br>**शब्दभण्डार**<br>● पाठमा पढेका शब्दहरुको अर्थबोध गरी उल्टो अर्थ दिने अरु शब्दहरु खोज्न<br>● शब्दलाई वाक्यमा प्रयोग गर्न<br>**पठन प्रवाह**<br>● आशय र भावअनुकूल हाउभाउ, गति र शुद्धतासहित पाठ पढ्न<br>**पठनबोध**<br>● अनुमान र धारणा मिले नमिलेको छुट्याई सुधार गर्न<br>● अनुमानयोग्य र सूचनामूलक पाठहरु पढेर शाब्दिक, तार्किक र वर्णनात्मक प्रश्नोत्तर गर्न<br>**लेखाइ**<br>● रुचिका विषयक्षेत्र वा शीर्षकमा आधारित भई स्वतन्त्र लेखन गर्न<br>**कार्यमूलक व्याकरण**<br>● पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति दिन | ●घडी हेरी घण्टा, मिनेट र सेकेन्डमा समय भन्न र लेख्न<br>● समयका एकाइहरू बिचको सम्बन्ध भन्न र लेख्न (वर्ष, महिना, हप्ता, दिन, घण्टा, मिनेट र सेकेन्ड) ● कुनै काममा लागेको समय पत्ता लगाउन | Talking about future<br>Apologizing<br>Telling the time | ●चर्पी तथा धारा र वरपरको वातावरण सफा राख्न<br>●शरीरका अङ्गहरू सफा राख्ने बानीको विकास गन<br>रोग लाग्नबाट बच्न र<br>●स्वस्थकर बानी अवलम्बन गर्न<br>●मनपर्ने विषयमा चित्र बनाउन |

- सहभागीहरूलाई समूहमा विभाजन गरी नेपाली, अङ्ग्रेजी, हाम्रो सेरोफेरो तथा गणित विषयका थिममा समावेश गरिएका सिकाइ उपलब्धिहरू अध्ययन गर्न लगाउने र थिममा मिल्दाजुल्दा (एकीकरण गर्न सकिने) सिकाइ उपलब्धि, कार्यपुस्तकका क्रियाकलापहरू र व्यवहारकुशल सिपको पहिचान गरी समूहगत रूपमा टिपोट गर्न लगाउने।

- टिपोट गरिएका विषयवस्तुलाई ग्यालरी वाकमार्फत अध्ययन गर्न लगाई पृष्ठपोषण प्रदान गर्न लगाउने।
- सहभागीको समूहगत प्रस्तुतिलाई समेट्दै पाठ्यक्रममा संलग्न बहुविषयक विषयक्षेत्र तथा थिमको वितरण तथा पाठ्यक्रमको एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण नै एकीकृत सिकाइको मुख्य आधार रहेको र यसका लागि एकीकृत पाठ्यक्रम, शिक्षक निर्देशिका, विद्यार्थी पाठ्य तथा कार्य पुस्तकमा दिइएका क्रियाकलापहरूसमेतलाई समेटी एकीकरण गर्ने आधारको रूपमा लिन सकिने कुरासमेत समेटी एकीकृत विषयक्षेत्रका बारेमा स्पष्ट पारिदिने।

**क्रियाकलाप नं. ३: बिङ्गो खेलौं (भाषिक तत्वगत रूपमा उपयोग गर्न सकिने शैक्षणिक सामग्री, क्रमिक सिकाइ रणनीति र सम्भावित क्रियाकलापको प्रयोग) (३० मिनेट)**

- विद्यालयमा भइरहेका क्रियाकलापहरूलाई ध्यानमा राखी बिङ्गो खेलमार्फत ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, पठनबोध, कार्यमूलक व्याकरण र लेखाइका क्रियाकलाप, शिक्षण विधि र सामग्रीहरूको बारेमा छलफल गराउने।
- तलको बाकसमा १२ ओटा विषयहरू दिइएका छन्। सहभागीहरूलाई प्रत्येक बाकसमा भएका विषयवस्तुका बारेमा भन्न सक्ने एकजना साथीको नाम लेख्न लगाउने। उत्तर दिने साथीको नाम दोहोरिनु हुँदैन।

| | | | |
|---|---|---|---|
| ध्वनि सचेतीकरणका तीन ओटा क्रियाकलाप र विद्यार्थी कार्यपुस्तकमा भएको कुनै १ उदाहरण | श्रव्यदृष्यबोधको आवश्यकता | लेख्य वर्ण सचेतीकरण शिक्षणमा प्रयोग गरिने सामग्री र तिनको प्रयोग | गीत गाउने |
| पठन प्रवाह शिक्षणका कुनै ३ रणनीति वा क्रियाकलाप र कुनै एकको उदाहरण | शब्दभण्डार शिक्षणका कुनै चार क्रियाकलापहरू | पठनबोध शिक्षणमा प्रयोग हुने कुनै ३ सामग्री र त्यसको प्रयोग | नाच्ने |
| कार्यमूलक व्याकरणको अवधारणा र यसको प्रयोगको उदाहरण | क्रमिक सिकाइ पद्दतिको उदाहरण | चुट्किला भन्ने | लेखाइ शिक्षणको नमुना शिक्षण अभ्यास |

- सहभागीले चार्टमा लेखिएका प्रत्येक प्रश्नको उत्तर सहभागी साथीबाट खोज्न लगाउने। जुन सहभागीले उक्त प्रश्नको बारेमा बताउन सक्नुहुन्छ, उहासँग सोधेर उक्त सहभागीको नाम प्रश्नसँग सम्बन्धित चार्टको कोठामा लेख्न लगाउने।

- चार्टका सबै प्रश्नको उत्तर भन्न सक्ने साथीहरूको नाम लेखिसकेपछि बिङ्गो भन्न लगाउने।
- यसरी बिङ्गो भन्दा सबैभन्दा पहिला बिङ्गो भनेर बुझाउने ५जनाको कापीमा १, २, ३, ४, ५ को क्रम लेख्ने।
- पहिलो नम्बर लेखिएको बिङ्गो चार्टमा उल्लेख भएअनुसारको व्यक्तिलाई प्रश्नको उत्तर सोध्ने र छलफल गर्ने। छलफलका क्रममा प्रश्नसँग सम्बन्धित भई थप स्पष्टता, प्रदर्शन र अभ्याससमेतलाई ध्यान दिने।
- बिङ्गो बाकसमा लेखिएको व्यक्तिले सोका बारेमा बताउन नसकेमा सो बिङ्गो भन्ने सहभागीलाई आउट गरी दोस्रो क्रमको बिङ्गो लिई बाँकी प्रश्नको बारेमा छलफल गराउने। यो क्रम सबै प्रश्नको छलफल नहुन्जेसम्म गरिरहने।
- जसले सबै प्रश्नको जवाफ दिन सक्छ, उसको बिङ्गोलाई बिजेता घोषणा गर्ने।
- बिङ्गो खेलमा सहभागीले भनेका विषयलाई समेट्दै आठ ओटा भाषिक तत्वगत क्रियाकलाप, ती क्रियाकलापमा प्रयोग गर्न सकिने सामग्री, क्रमिक सिकाइ पद्धतिको उपयोग र तत्वगत भाषिक क्रियाकलापको बारेमा पावरप्वाइन्ट प्रस्तुतिका आधारमा  थप स्पष्टता गर्ने।

**क्रियाकलाप नं. ४: प्रतिबिम्बन** **(५ मिनेट)**

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न लगाउने।

- मेरो नेपाली विषयको पाठ्यक्रममा रहेका भाषिक तत्वहरू कुन कुन हुन् ?
- कक्षा ३ मा कति ओटा विषयक्षेत्र चारओटै विषयसँग एकीकृत हुन सक्ने उल्लेख गरिएको छ ?

# नमुना पाठ प्रस्तुति र सूक्ष्म शिक्षण अभ्यास

| दिनः दोस्रो | सत्रः पहिलो र दोस्रो | समयः ३ घण्टा |
|---|---|---|

## परिचय

नेपाली विषयको शिक्षण भाषिक सिपहरूको शिक्षण हो। प्रारम्भिक कक्षामा भाषिक सिपमा आधारित भई बोध तथा अभिव्यक्तिगत क्षमता विकासका लागि पठन तत्वगत क्षेत्रहरू निर्धारण गरिएका छन्। विद्यार्थीहरूमा भाषिक सिप विकासले गणित, हाम्रो सेरोफेरोलगायतका विषयको ज्ञान, सिप र धारणा विकासका लागि समेत आधारभूत भूमिका खेल्ने हुँदा प्रारम्भिक कक्षाबाट नै विद्यार्थीको पठन सिप विकासका लागि भाषिक तत्वहरू निर्धारण गरिएका छन्। तालिमबाट भएको सिकाइ कक्षाकोठामा पुग्ने कुराको सुनिश्चित गर्नका लागि प्रशिक्षार्थीहरूको समूहमा रहेर सूक्ष्म शिक्षण गरिन्छ। यस सत्रमा कुनै पाठ शिक्षण गर्दा नेपाली विषय र अन्य विषयका साझा सिकाइ क्षेत्रका आधारमा शिक्षण गर्ने कार्यलाई सूक्ष्म शिक्षणका क्रममा अभ्यास गर्ने कार्य गरिन्छ। भाषिक तत्वगत क्रियालापहरूलाई अन्य विषयका साझा सिकाइ क्षेत्रसँग पनि सम्बद्ध गरी शिक्षण गर्न शिक्षकलाई सक्षम बनाउनका लागि यो खण्डमा एकीकृत र पठन तत्वहरूको आधारमा शिक्षण अभ्यासका विषयवस्तुहरू समावेश गरिएका छन्। यस सत्रमा भाषिक तत्वमा आधारित भई अन्य विषयका मिल्दा सिकाइ क्षेत्र पहिचान गरी एकीकृत सिकाइ सहजीकरणको नमुना पाठ प्रस्तुति र सूक्ष्म शिक्षण अभ्यासको बारेमा छलफल गर्ने छौँ।

## उद्देश्य

यस सत्रहरूको अन्त्यमा सहभागीहरू निम्न कार्यमा सक्षम हुनेछन्।

(क) भाषिक तत्वगत क्रियाकलापहरूको नमुना पाठ प्रस्तुति गर्न (सहजकर्ताबाट),

(ख) सूक्ष्म शिक्षण (सहभागीबाट),

(ग) एकआपसमा पृष्ठपोषण आदानप्रदान गर्न।

## सामग्री

- पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिका
- पाठयोजनाको नमुना

## मुख्य विषयवस्तु

- भाषिक तत्वगत नमुना प्रस्तुति (सहजकर्ताबाट)
- सूक्ष्म शिक्षण (सहभागीबाट)
- पृष्ठपोषण आदानप्रदान


## क्रियाकलाप सहजीकरण प्रक्रिया

### क्रियाकलाप १: नमुना पाठयोजनाको प्रस्तुति (२५ मिनेट)

- सहजकर्ताले कक्षा १ देखि ३ मध्ये कुनै एउटा कक्षाको कुनै एक विषयक्षेत्रमा आधारित भई तयार गरेको नमुना पाठयोजना प्रस्तुत गर्ने।
- नमुना पाठयोजना प्रस्तुत गरेपछि उक्त पाठयोजनामा आधारित भई सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा नेपाली विषय र अन्य विषयका देहायका मिल्दा सिकाइ क्षेत्रहरूका बारेमा बताइदिने।

| विषयक्षेत्र | **नेपाली विषय सम्बद्ध मुख्य विषयवस्तु** | **गणित विषय सम्बद्ध विषयवस्तु** | **अङ्ग्रेजी विषय सम्बद्ध विषयवस्तु** | **हाम्रो सेरोफेरो विषयसम्बद्ध विषयवस्तु** |
|---|---|---|---|---|
| मेरो दैनिक जीवन | **ध्वनि सचेतीकरण**<br>● कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तरका आधारमा भाषिक सञ्चार गर्न<br>**श्रव्यदृश्यबोध**<br>●श्रव्यदृश्य सामग्रीबाट सूचना तथा जानकारी लिन र दिन<br>**लेख्यवर्ण सचेतीकरण**<br>● शब्दका<br>सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्न<br>**शब्दभण्डार**<br>● पाठमा पढेका शब्दहरुको अर्थबोध गरी उल्टो अर्थ दिने अरु शब्दहरु खोज्न<br>● शब्दलाई वाक्यमा प्रयोग गर्न<br>**पठन प्रवाह**<br>● आशय र भावअनुकूल हाउभाउ, गति र शुद्धतासहित पाठ पढ्न<br>**पठनबोध**<br>● अनुमान र धारणा मिले नमिलेको छुट्याई सुधार गर्न<br>● अनुमानयोग्य र सूचनामूलक पाठहरु पढेर शाब्दिक, तार्किक र वर्णनात्मक प्रश्नोत्तर गर्न<br>**लेखाइ**<br>● रुचिका विषयक्षेत्र वा शीर्षकमा आधारित भई | ●घडी हेरी घण्टा, मिनेट र सेकेन्डमा समय भन्न र लेख्न<br>● समयका एकाइहरू बिचको सम्बन्ध भन्न र लेख्न -वर्ष, महिना, हप्ता, दिन, घण्टा, मिनेट र सेकेन्ड) ● कुनै काममा लागेको समय पत्ता लगाउन | Talking about future Apologizin g Telling the time | ●चर्पी तथा धारा र वरपरको वातावरण सफा राख्न<br>●शरीरका अङ्गहरू सफा राख्ने बानीको विकास गन<br>रोग लाग्नबाट बच्न र<br>●स्वस्थकर बानी अवलम्बन गर्न<br>●मनपर्ने विषयमा चित्र बनाउन |

| | | | | |
|---|---|---|---|---|
| | स्वतन्त्र लेखन गर्न<br>**कार्यमूलक व्याकरण**<br>• पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति दिन | | | |




**क्रियाकलाप २: नमुना पाठ प्रस्तुति र पृष्ठपोषण आदानप्रदान (३५ मिनेट)**

- सिकाइ सहजीकरणका क्रममा सहभागीहरूलाई सो कक्षाको विद्यार्थीको भूमिका निर्वाह गर्न अनुरोध गर्ने।
- विद्यार्थी कार्यपुस्तकको सो दिनको पाठ सबै सहभागीहरूलाई पुग्ने गरी व्यवस्था मिलाउने।
- मेरो दैनिक जीवन विषयक्षेत्र पाठ ३ मा आधारित भई तयार गरिएको नमुना पाठयोजनाबमोजिम २० मिनेटको सिकाइ सहजीरण क्रियाकलाप सञ्चालन गर्ने।
- शिक्षणपछि सहभागीबाट पृष्ठपोषण माग गर्ने।
- राम्रा तथा सुधार गर्नुपर्ने पक्षहरूका बारेमा छलफल गर्ने।
- उक्त पाठ शिक्षणपश्चात् मेरो दैनिक जीवन विषयक्षेत्रमा आधारित भई नेपाली विषयको भाषिक सिपसम्बद्ध क्रियाकलाप गराउँदा देहायका विषयसँग अन्तरसम्बन्धित भएर आउने

हुँदा सेरोफेरो, गणित विषयका विषयवस्तुलाई एकीकृत गरी सिकाउन सकिने कुरा प्रस्ट पारिदिने।




**क्रियाकलाप ३: सूक्ष्म शिक्षणको तयारी** **(२० मिनेट)**

- प्रत्येक सहभागीलाई कक्षा १ देखि ३ मध्ये कुनै एउटा कक्षाको कुनै थिमको पाठअनुसार ३–४ तत्व र अन्य विषयका मिल्दा विषयवस्तु पहिचान गरी एउटा सहजीकरण योजना तयार गर्न लगाउने।
- सहजीकरण योजानाअनुसारको सामग्री समेत निर्माण सङ्कलन गर्न लगाउने।
- सूक्ष्म शिक्षणका क्रममा पृष्ठपोषण दिँदा ध्यान दिनुपर्ने देहायका पक्षहरूको बारेमा बताइदिने।
  - सहभागीले सूक्ष्म शिक्षण गर्दैगर्दा अवरोध नगर्ने

- प्रत्येक सहभागीलाई सूक्ष्म शिक्षण समाप्त भएपछि एक मिनेट आफैं प्रतिविम्बन गर्न लगाउने (कस्तो गर्ने योजना थियो, कस्तो भयो, अर्कोपटक गर्दा के सुधार गर्नुहुन्छ ?)
- त्यसपछि मात्र अन्य सहभागीलाई पृष्ठपोषण दिन भन्ने।
- पृष्ठपोषण निम्नलिखित ढाँचामा दिने। (राम्रो गरेको कुरा+सुधार गर्न सकिने क्षेत्र)

**क्रियाकलाप ४: सूक्ष्म शिक्षण (सहभागीलाई) (९० मिनेट)**

- जोडीमा एकअर्कालाई सूक्ष्म शिक्षण गर्न लगाउने। जोडी शिक्षणका क्रममा सहजकर्ताले सबै समूहको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने। (१० मिनेट सूक्ष्म शिक्षण र ५ मिनेट पृष्ठपोषण गरी जम्मा ३० शिक्षण)
- सहभागीलाई चारजनाको समूहमा विभाजन गरी हरेक समूहबाट एक जनालाई १० मिनेटको एकैपटक सूक्ष्म शिक्षण अभ्यास गर्न लगाउने। सूक्ष्म शिक्षण गर्ने बाहेकका बाँकी सदस्यलाई पृष्ठपोषण प्रदान गर्न लगाउने। सूक्ष्म शिक्षणका क्रममा सहजकर्ताले सबै समूहको अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने। (१५ मिनेट)
- हरेक सहभागीलाई सूक्ष्म शिक्षणको अभ्यासबाट प्राप्त पृष्ठपोषणका आधारमा पुनः आफ्नो सहजीकरण योजना सुधार गर्न लगाउने। (५ मिनेट)
- गोलाप्रथाबाट कुनै एक जना सहभागी छनोट गरी परिमार्जित सहजीकरण योजनाका आधारमा पूरै समूहमा शिक्षण गर्न लगाउने।
- कुनै तीन सहभागीलाई पृष्ठपोषण फाराम दिई पृष्ठपोषणका बुँदाहरू टिपोट गर्न लगाउने। (२० मिनेट शिक्षण १० मिनेट पृष्ठपोषण गरी जम्मा ३० मिनेट)
- सहजकर्ताले निष्कर्षसहित शिक्षणको पृष्ठपोषण प्रदान गर्ने। (१० मिनेट)

**क्रियाकलापः ५ प्रतिबिम्बन (१० मिनेट)**

सहभागीलाई निम्नलिखित पक्षमा केन्द्रित भई प्रतिबिम्बन गर्न भन्ने।

(क) तालिम सञ्चालनका क्रममा शिक्षण अभ्यास गराउन यो सूक्ष्म शिक्षण अभ्यासले कसरी सहयोग पुर्याउँछ ?

(ख) नमुना शिक्षण गर्दा प्राप्त पृष्ठपोषणलाई कसरी उपयोग गर्नुहुन्छ ?

## पाठयोजनाको नमुना

विषयः नेपाली कक्षाः ३

विषयक्षेत्रः मेरो दैनिक जीवन पाठः ३

समयः ६० मिनेट

पाठ्यवस्तुः ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्य वर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार, पठनबोध, कार्यमूलक व्याकरण र लेखाइ

व्यवहारकुशल सिपहरूः प्रयोग सिप, सञ्चार सिप, सहकार्य सिप, दृष्य साक्षरता सिप, सिकाइ सिप, स्वव्यवस्थापन सिप

### विशिष्ट उद्देश्यहरू

- 'मेरो खाजा' कविता लय हालेर वाचन गर्न (ध्वनि सचेतीकरण)।
- दैनिक जीवनमा प्रयोग हुने शब्द पहिचान र उच्चारण गर्न (श्रव्यदृश्यबोध)।
- वर्ण जोडेर शब्द लेख्न (लेख्य वर्ण सचेतीकरण)।
- गति, यति र हाउभाउसहित पाठ पढ्न (पठन प्रवाह)।
- पाठमा प्रयोग भएका शब्दको अर्थबोध र वाक्यमा प्रयोग गर्न (शब्दभण्डार)।
- पाठसँग सम्बन्धित प्रश्नको उत्तर दिन (पठनबोध)।
- वाक्यमा उपयुक्त चिह्न प्रयोग गर्न (कार्यमूलक व्याकरण)।

### सामग्रीहरू

शब्दपत्ती, विद्यार्थी कार्यपुस्तक, कविता चार्ट, पावर प्वाइन्ट, सन्दर्भगत चित्र, चिह्नपत्ती, वाक्यपत्ती

### सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ः लय मिलाएर गाउनुहोस्।**

- दिइएको मेरो खाजा कवितामा भएको चित्र प्रदर्शन गरी छलफल गराउने। छलफल गराउँदा दैनिक रुपमा गर्ने काम, सरसफाइका विषयमा आधारित भई छलफल गराउने।
- दिइएको कवितालाई क्रमिक सिकाइ पद्धति (म गर्छु, हामी गर्छौं, तिमी गर) का आधारमा सुरुमा आफैँले गति, यति र लय हाली वाचन गर्ने।
- त्यसपछि विद्यार्थी सँगसँगै वाचन गर्ने।
- पछि विद्यार्थीलाई मात्रै गति, यति र लय मिलाई वाचन गर्न लगाउने।

- कवितामा प्रयुक्त दैनिक जीवनसँग प्रचलित शब्दको उच्चारण अभ्यास गराउने जस्तैः भुटीभात, आलुचिउरा, मकैमही, रोगव्याधि

१. लय मिलाएर गाउनुहोस् :

## मेरो खाजा

आइतबार आलुचिउरा खाजा खाने हो
सोमबार भुटीभात बोकी जाने हो
मङ्गलबार मकैमही खान पाइयोस्
बुधबार भटमास लान पाइयोस् ।

बिहीबार बिस्कुट खान्नँ रोटी खान्छु म
शुक्रबार हलुवा र खिर लान्छु म
शनिबार घरमा सबै बस्न पाइन्छ
मन लागेको परिकार खाजा खाइन्छ ।



बिहान उठ्ने नुहाउने सफा हुने हो
बेला बेला मिचीमिची हात धुने हो
सफा नाना सफा खाना सफा घर होस्
रोगव्याधी सधैंभरि पर पर होस् ।

**क्रियाकलाप २: चित्रमा सानी के के गर्दै छिन्, भन्नुहोस्।**

- विद्यार्थीले दैनिक रूपमा गर्ने कार्यको बारेमा छलफल गराउने।
- तलको चित्र देखाई चित्रको परिवेश, पात्र र दैनिक गर्ने कामको बारेमा छलफल गराउने ।

## २. चित्रमा सानी के के गर्दैछिन्, भन्नुहोस् :




- चित्रमा सानी के के गर्दै छिन्, विद्यार्थीलाई सोध्ने।
- विद्यार्थीले भनेका विषयवस्तुलाई समेटी चित्रमा सानीले गर्ने दिनभरिका कामको चरणका बारेमा बताइदिने।

**क्रियाकलाप ३: वर्ण जोडेर पढ्नुहोस् र लेख्नुहोस्।**

- दिइएको वर्ण जोडेर शब्द बनाउने क्रियाकलाप गराउने।

## ४. वर्ण जोडेर पढ्नुहोस् र लेख्नुहोस् :




............................ ............................ ............................ ............................

म गर्छु

- कुनै एक वर्ण देखाई उक्त वर्णका अगाडि अन्य वर्णहरू राखी शब्द बनाएर देखाउने जस्तैः रा वर्णमा के, घे, डे, मे राखी केरा घेरा, डेरा, मेरा

हामी गर्छौं

- शिक्षक विद्यार्थी सँगसँगै वर्ण जोडेर शब्द बनाउने अभ्यास गर्ने।

तिमी गर

- विद्यार्थीलाई अर्को कुनै वर्ण दिई त्यसका अगाडि कुनै वर्ण राखेर शब्द बनाई लेख्न लगाउने।

**क्रियाकलाप ४: पालैपालो पढ्नुहोस्।**

- संवादमा भएको चित्र देखाई संवाद केको बारेमा छ, अनुमान गर्न लगाउने।
- दिइएको संवादलाई गति, यति र हाउभाउसहित वाचन गर्ने।




- उक्त संवादलाई धनियाँ र डाक्टर बनी विद्यार्थीलाई पालैपालो वाचन गर्न लगाउने।

- संवाद वाचनपछि दैनिक रुपमा गर्ने काम र स्वथ्य रहन दाँत माझ्नुपर्ने पक्षमा जोड दिँदै छलफल गराउने।

**क्रियाकलाप ५: पाठबाट उल्टो अर्थ दिने शब्द पत्ता लगाई लेख्नुहोस्।**

- कुनै एउटा शब्दको शब्दपत्ती देखाई त्यसको उल्टो अर्थ दिने शब्दको बारेमा बताइदिने। जस्तैः




- दिइएको संवादमा भएका उल्टो अर्थ दिने शब्दको गर्न लगाउने।

धनियाः नमस्कार !

डाक्टरः नमस्कार, के भयो तिमीलाई ?

धनियाः दाँत दुख्यो।

डाक्टरः दाँत माझ्ने गरेकी छैनौ र ?

धनियाः होइन, बिहान बेलुकी नै दाँत माझ्छु। मेरा दाँत सफा छैनन् र ?

डाक्टरः आँ ... गर त। म तिम्रो दाँत हेर्छु।

धनियाः आँ ... ।

डाक्टरः ल हेर, चकलेट पो खान्छ्यौ कि क्या हो ?

धनियाः चकलेट मिठो लाग्छ। त्यसैले म त खान्छु।

डाक्टरः चकलेट धेरै खानु हुँदैन। चकलेट खाएपछि, खाना खाएपछि र सुत्नुअघि दाँत माझ्न है।

धनियाः हवस्, अबदेखि त्यसै गर्छु, धन्यवाद।


डाक्टरः नानी त कति असल। नानीलाई पनि धन्यवाद।

**क्रियाकलाप ६: उपयुक्त चिह्न राखेर वाक्य पूरा गर्नुहोस्।**

- संवादमा पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, उद्गार चिह्न प्रयोग भएका वाक्यहरू लेखेर देखाउने।
- ती वाक्यमा कुन कुन चिह्न प्रयोग भएका छन्, बताइदिने।




- विद्यार्थी कार्यपुस्तकको क्रियाकलाप ८ को उपयुक्त चिह्न राखेर वाक्य पूरा गर्ने क्रियाकलाप गराउने।


८. खाली ठाउँमा मिल्ने चिह्न छानी लेखौं :

(क) रमा .,..... सुम्निमा र पासाङ घुम्न गए। (, । ? )

(ख) तिमी कति कक्षामा पढ्छौ ..?.... (। ! ?)

(ग) ओहो !...... कति राम्रो चित्र रहेछ। (? । !)

(घ) म फूल रोप्छु .।.... (। , ?)

**क्रियाकलाप ७:** पाठ पढी हर्षमानका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो, साथीसँग कुराकानी गरी उपाय पत्ता लगाउने र भन्ने।

९. पाठ पढी हर्षमानका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो, साथीसँग कुराकानी गरी उपाय पत्ता लगाउनुहोस् :

हर्षमान किसान हुन् । उनको खेत गहिरो ठाउँमा छ । उनको खेतलाई गैरीखेत भनिन्छ । खेतको वरपर ठुला साना रुखहरू छन् । खेतको सिरानमा पानीको मुहान छ । उनको खेतमा बाह्रै महिना पानी लाग्छ । उनी दिनहुँजसो खेतीपातीमा व्यस्त हुन्छन् । उनी मौसमअनुसार धान, मकै, गहुँ, आलु, तोरी लगाउँछन् । उनले लगाएको बाली सधैँ हरियो र राम्रो देखिन्छ । उनी असारमा र चैतमा दुई पटक धान रोप्छन् । हिउँदमा गहुँ, तोरी र आलु खेती गर्छन् । उनको खेतमा धेरै उब्जनी हुन्छ । उनले लगाएको बाली घरसम्म पुऱ्याउनका लागि मोटरबाटो छैन । त्यसैले उनी अब आफ्नो खेतसम्म मोटरबाटो लाने योजनामा छन् । उनले यो कुरा आफ्ना गाउँलेलाई सुनाए । गाउँलेले भने, "मोटरबाटो खन्दा बाटामा पर्ने रुखहरू काट्नुपर्छ । रुख काट्दा पानीका मुहान सुक्न सक्छन् । पानीको मुहान सुके खेतमा पानी लाग्दैन । खेतमा पहिले जस्तो बाली राम्रो हुँदैन" भन्ने उनलाई लाग्यो । "उसोभए मोटरबाटोको के काम ? अब म के गरुँ होला" हर्षमानले सोचे ।



**क्रियाकलाप ८: चित्र बनाउनुहोस् र लेख्नुहोस्।**

- तपाईंको राम्रो बानी झल्कने चित्र बनाउनुहोस् र त्यसका बारेमा पाँच वाक्य लेख्नुहोस्।

# Curriculum, Common Learning Themes and Learning Outcomes

| Day: Second | Session: Third | Time: 1 hrs. 30 min. |
|---|---|---|

## Introduction

English subject is one of the core subjects in school education. Teaching English subject includes four skills (i.e., listening, speaking, reading and writing) and four aspects (i.e., grammar, vocabulary, pronunciation and language function). The overall goal of teaching English subject to the 1-3 graders is 'to develop basic English language knowledge that support and promote their academic and communicative exchanges'. Teaching English should fall either one or another category mentioned above. According to the Basic Level Curriculum (Grade 1-3) developed by Curriculum Development Centre (CDC), there are main four subjects in Grade 1-3. They are; English, Nepali, Mathematics and Our Surrounding. There are some themes that English subject shares with three subjects, with two subjects and with one subject, respectively. There are also some themes that are English subject-specific. In this session, we will discuss and learn about the features and structure of English curriculum (1-3), TG, workbook structure and thematic integration in different subjects and common learning outcomes from the perspective of English subject.

## Objective

By the end of this session, trainees will be expected to understand and demonstrate knowledge of the following.

- Pick up the main features and structure of curriculum.
- Familiarize them with workbook structure.
- Categorize themes that English subject shares with other subjects in Grade 1-3.
- Find out the English subject-specific themes.
- Generate the learning outcomes from common themes.

## Material

- Basic Level Curriculum (Grade 1-3)
- English Workbook
- Teacher Guide (TG)
- Work Sheet
- Answer Sheet
- Power Point Slides

## Major Content

- Main features of curriculum
- Structure of curriculum and student workbook
- Common themes and learning outcomes
- English subject specific themes

## Activity Delivery Process

**Activity 1: Scene Setting (5 min.)**

- Present the following statements to the participants and elicit their answers to the question given at the last.
  - I am made up of 11 letters.
  - I communicate the message of joining, linking, connecting, etc.
  - I am a catchword in today's pedagogy and learning.
  - I am necessary for holistic learning.
  - Who am I?
- Collect their answers. If any one of them gives correct answer, appreciate. If they feel difficult to guess, support them to guess the answer.

**Activity 2: Group Work: Structure of English Curriculum (20 min.)**

- Divide participants into five groups. Provide curriculum (Grade 1-3) to each group. Ask them to read English curriculum. Assign the following tasks/roles to the groups.
  - **Group A**: Competencies for (Grade 1-3)
  - **Group B**: Learning Outcomes
  - **Group C:** Scope and sequence
  - **Group D**: Evaluation procedure
  - **Group E**: Overall features
- Provide them the following worksheet. Ask them to write the main gist in the concerned headings. Group shouldn't write every detail from curriculum.

| S. N. | Competencies | Learning Outcomes | Scope and sequence | Evaluation procedure | Overall Features |
|---|---|---|---|---|---|
| 1 | | | | | |

- When each group completes their assigned tasks, ask one member from each group to present their group's finding/conclusion. Addressing to each group's presentation, conclude the whole discussion giving your idea about the structure of English curriculum.

**Activity 3: Carousel Approach- Workbook Features and Principles (15 min.)**

- Divide participants into three groups. Distribute them Grade 1-3 student workbook.
  - **Group A**: Grade One
  - **Group B:** Grade Two
  - **Group C:** Grade Three
- Ask them to go through the workbook. Inform them that they should focus on two aspects- features and principles of workbook.

- Provide each group cardboard paper. Ask them to write main points under two headings- features and principles. Move around the class and check their participation as well as provide them support if they need.
- When they complete their task, ask them to pass their paper/cardboard paper to the group sitting to their next. Tell them to read what other groups have written. Ask them to write some of the new points which they find in their reading. Go on passing until each group gets chance to read others' ideas.
- Finally, you conclude the activity with your presentation.

**Activity 4: Common Themes and English Subject Specific Themes (15 min.)**

- Divide participants into four groups and distribute Curriculum (Grade 1-3) to each group. Assign the following tasks to the groups.
    - Group A: Themes English subject shares with three subjects
    - Group B: Themes English subject shares with two subjects
    - Group C: Themes English subject shares with one subject
    - Group D: English subject-specific themes
- Ask them to study the pages **35-83**. Inform them that they get 15 minutes for their study.
- Provide them the following worksheet to write their group's finding/conclusion.


***Worksheet: Common themes and subject specific themes***

| Subjects | Degree of Integration | | | English subject specific themes |
|---|---|---|---|---|
| Subjects | Themes English subject shares with all three subjects | Themes English subject shares with two subjects | Themes English subject shares with one subject | |
| English, Nepali, Mathematics and Our Surrounding | | | | |
| English, Nepali and Our Surrounding | | | | |
| English and Nepali | | | | |
| English subject only | | | | |

- When they complete their assigned tasks, provide them chance to present. Ask one member of each group to present their group finding/conclusion.
- Based on their presentation, conclude the discussion with your presentation.

**Activity 5: Exploring Learning Outcomes (15 min.)**

- Divide the participants into four groups. Distribute the following relationship chart to each group. Ask them to consult Curriculum (Grade 1-3) and write the learning outcomes of the given theme- "Me and My Family".
  - Group A: English
  - Group B: Nepali
  - Group C: Mathematics
  - Group D: Our Surrounding





***Relationship chart***

- When each group completes their assigned task, ask one member of each group to present. After the presentation, elicit their ideas how can learning outcomes of other subject be learnt using the same theme in English class?
- Get their viewpoints and give your viewpoint too.

**Activity 6: Themes, Learning Outcomes and Soft Skills** **(15 min.)**

- Ask participants the following questions.
    - Which one do you think comes first- theme or learning outcomes in the process of curriculum development?
    - What relationship do you see between theme and learning outcome?
    - What is the role of theme in integrated pedagogy and learning?
    - What relationship do you see among theme, learning outcomes and soft skills?
- Get participants' ideas, encourage and enable them to explore the dynamic relationship among them.
- Present the following figure and ask them to interpret the relationship




- Collect their views and experiences. Try to elicit their creative possibilities about theme, learning outcome and soft skills. Give your expert view to conclude the discussion.

**Activity 7: Reflection** **(5 min.)**

- Select participants randomly and ask them the following questions.
    - What are the principles of Grade 1-3 workbook?
    - How many themes are there in Curriculum (Grade 1-3) that English subject shares with other three subjects- Nepali, Mathematics and Our Surrounding?
    - How do we deal with themes in integrated teaching and learning?

## Model Lesson Presentation

**Day: Third** **Session: First and Second** **Time: 3 hours**

### Introduction

An integrated curriculum based on certain themes and threaded by soft skills demands the linkage of English language teaching with other subject areas including Our Surrounding, Mathematics and Creative Arts. Teachers can use the Teacher Guide (Grade 1-3) developed by Curriculum Development Centre while designing English lessons for Grade 1-3. However, teachers need not be confined to the activities suggested by the TG. There is still room for their creativity, innovation and originality to make English language teaching child friendly and joyful. In this session, the participants will observe a model lesson plan for Grade One followed by a model lesson presentation performed by the facilitator. Later, they will practise designing some teaching learning activities and perform practice teaching based on the activities they designed.

### Objective

By the end of this session, the participants will be able to:

- Design a daily lesson plan following integrated curriculum (Grade 1-3) to teach English.
- Teach an integrated lesson based on the designed lesson plan.
- Provide feedback to other participants based on the lessons presented.

### Material

- Teacher's Guide, Grade 1
- My English Book, Grade 1
- A sample lesson plan for Grade 1
- Pictures
- Activity Book, Grade 1
- Handout (Content from Teacher's Guide, Grade 1, page no. 290-294)

### Major Content

- A daily lesson plan
- Model lesson demonstration
- Practice teaching
- Giving and receiving feedback on practice teaching

### Activity Delivery Process

**Activity 1: Lesson Plan Demonstration** **(20 Min.)**

- Ask the participants whether they have any experience of making a lesson plan. Ask them to name the elements of a lesson plan orally.
- Present a sample lesson plan based on any one of the lessons from Grade 1. Let them observe the lesson plan for 5 minutes.

- Distribute a handout to the participants. Let them go through the information given in the handout to teach the same lesson.
- Ask them to notice the similarities and differences between the activities mentioned in your lesson plan and the activities suggested in the handout.
- Explain how the content in the lesson have been linked with a common theme included in other subjects in Grade 1 with the help of the following diagram:




**Activity 2: Model Lesson Demonstration (60 Min.)**

- Ask the participants to observe a model lesson that you will be presenting and tell them to act as Grade 1students as well as observers.
- Present an hour-long demo lesson based on the lesson plan (Grade 1/2/3) that you presented.

**Activity 3: Feedback on Demo Lesson (10 Min.)**

- Collect feedback from the participants on the lesson you presented.
- Elicit participants' responses regarding what other activities could have been added or how they would revise this same lesson to ensure the integration of contents from different subject areas.

**Activity 4: Group Work** **(25 min.)**

- Divide the participants into four groups: A, B, C, and D. Ask each group to select any one lesson from Grade 1 or Grade 2 and design 3/ 4 teaching learning activities to teach a class for 15 minutes. Allow them 25 minutes to prepare this task.

**Activity 5: Practice Teaching** **(60 Min.)**

- Provide each group 10 minutes to present their micro lesson and 5 minutes for reflection and feedback sharing. Each group gets opportunity to present and exchange their ideas and experiences.
- Wrap up the session with your feedback and concluding remarks on the lessons presented by the groups.

**Activity 6: Reflection** **(5 Min.)**

- Which documents guided you while designing teaching learning activities for the English classroom?
- Did you experience integrated learning in your lesson presentations?

## हाम्रो सेरोफेरो विषय एकीकरण ढाँचा, पाठ्यक्रम र पाठ्यसामग्रीको अन्तरसम्बन्ध र प्रयोग

**दिनः तेस्रो** **सत्रः तेस्रो** **समयः १ घण्टा ३० मिनेट**

## परिचय

हाम्रो सेरोफेरो विषयक्षेत्रको पाठ्यक्रममा मूलतः सामाजिक अध्ययन, चारित्रिक विकास, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक र सिर्जनात्मक कला जस्ता सिकाइका क्षेत्रहरूका विषयवस्तुलाई एकीकृत गरिएको छ। पाठ्यक्रमलाई व्यावहारिक, सान्दर्भिक र सहज रुपमा कार्यान्वयन गर्नका लागि पाठ्यसामग्रीहरूको रुपमा पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक विकास गरिएको छ। यस सत्रमा हाम्रो सेरोफेरो विषयको एकीकरण ढाँचा, पाठ्यक्रम र पाठ्यसामग्रीको अन्तरसम्बन्ध र प्रयोगको बारेमा छलफल गरिने छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुनेछन्।

(क) हाम्रो सेरोफेरो विषय एकीकरणको ढाँचा बताउन,

(ख) हाम्रो सेरोफेरो विषयमा एकीकरण गरिएको विषयवस्तुहरूको पहिचान गर्न,

(ग) पाठ्यक्रम, शिक्षक निर्देशिका र कार्यपुस्तकको परिचय, अन्तरसम्बन्ध र प्रयोग बताउन।

## सामग्रीहरू

- आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम, २०७६
- हाम्रो सेरोफेरो विषयको शिक्षक निर्देशिका
- हाम्रो सेरोफेरो विषयको विद्यार्थी कार्यपुस्तक
- पानी, पाँचवटा सिसा/ प्लाष्टिकको गिलास
- रातो, निलो, हरियो, पहेंलो, गुलाफी/अन्य कुनै पाँच फरक रङ
- न्युजप्रिन्ट, मेटाकार्ड, स्लाईड, मास्किङ् टेप, चार्ट पेपर, विभिन्न रङ्गका साइनपेनहरू आदि।

## मुख्य विषयवस्तु

- हाम्रो सेरोफेरो विषय एकीकरणको ढाँचा
- हाम्रो सेरोफेरो विषयमा एकीकरण गरिएको विषयवस्तुहरूको पहिचान
- पाठ्यक्रम, शिक्षक निर्देशिका र कार्यपुस्तकको परिचय, अन्तरसम्बन्ध र प्रयोग

## क्रियाकलाप सहजीकरण प्रक्रिया

**क्रियाकलाप १: ध्यानाकर्षण क्रियाकलाप (एकीकरणको ढाँचा) (२० मिनेट)**

- सहभागीहरूलाई ४-४ समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई एक चौथाइ पानी भरिएको ५-५ ओटा गिलास र रङ्ग दिने।
- प्रत्येक समूहलाई ५ ओटै गिलासमा फरक फरक कलर घोल्न लगाउने।
- पाँचै ओटा गिलासको रङ्गको घोललाई कुनै एउटा गिलासमा मिसाउन लगाउने।
- अब कस्तो रङ्ग बन्यो अवलोकन गर्न लगाई छलफल गराउने।
- छलफलको आधारमा सहजकर्ताले अन्तरविषयक ढाँचालाई स्पष्ट पारिदिने।

**क्रियाकलाप २: हाम्रो सेरोफेरो विषयमा एकीकरण गरिएको विषयवस्तुको पहिचान (३० मिनेट)**

- सहभागीहरूलाई ६ ओटा समूहमा विभाजन गर्ने।
- पहिलो र दोस्रो समूहलाई कक्षा एक, तेस्रो र चौथो समूहलाई कक्षा दुई, पाँचौं र छैटौं समूहलाई कक्षा तीनको विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिका केही समय अध्ययन गर्न लगाउने।
- अध्ययनपश्चात् सहभागीहरूलाई विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिकाको विषयसूचीमा समावेश गरिएको विषयक्षेत्र अन्तर्गतका पाठहरूलाई सूचीकृत गर्न लगाउने।
- प्रत्येक समूहले सूचीकृत गरेको पाठहरूलाई हाम्रो सेरोफेरो विषयमा एकीकरण गरिएको विषयहरू (सामाजिक अध्ययन, चारित्रिक विकस, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक र सिर्जनातमक कला) सँग तुलनागर्न लगाउने।
- हाम्रो सेरोफेरो विषयमा समावेश गरिएको पाठ र एकीकरण गरिएको विषयको विषयवस्तुलाई वर्गीकरण गरी तल दिइएको तालिका भर्न लगाउने।

**तालिका**

| क्र.स. | सामाजिक अध्ययन | चारित्रिक विकास | विज्ञान तथा वातावरण | स्वास्थ्य तथा शारीरिक | सिर्जनात्मक कला | कैफियत |
|---|---|---|---|---|---|---|
| **पाठ** | हाम्रो पहिरन | | आवाज | योग | माटोमा सामान बनाउने | |

- समूह कार्यपश्चात् सहभागीहरूलाई पालैपालो प्रस्तुत गर्न लगाउने।प्रस्तुतीकरणमा आएको मुख्य बुँदालाई सहजकर्ताले बोर्डमा टिपोट गर्ने।

- प्रस्तुतीकरणमा आएका विषयवस्तुमा केन्द्रित भई छलफल गराउने। सहजकर्ताले छलफलको आधारमा हाम्रो सेरोफेरो विषय एकीकरणको अन्तरविषयक ढाँचाको बारेमा सहभागीलाई स्पष्ट धारणा दिने।

**क्रियाकलाप ३: पाठ्यसामग्रीहरूको परिचय, अन्तरसम्बन्ध र प्रयोग** **(३५ मिनेट)**

- सहभागीहरूलाई ४ समूहमा विभाजन गरी प्रत्येक समूहलाई एकीकृत पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिकाको अध्ययन गर्न लगाई परिचय र विशेषता समूहगत रुपमा प्रस्तुत गर्न लगाउने र सहजकर्ताले आवश्यक सहजीकरण गर्ने।
- प्रत्येक समूहलाई तल तालिकामा दिइएको जस्तैः चारओटा, तीनओटा, दुईओटा र एउटा विषयक्षेत्रमा समावेश गरिएको विषयवस्तु, विषय, सिकाइ उपलब्धि र अन्तरसम्बन्ध स्पष्ट झल्किने गरी तालिकामा भर्न लगाउने।

**तालिका**

| क्र.स. | समूह | विषयक्षेत्र | पाठ | विषय | विषयगत सिकाइ उपलब्धि | विद्यार्थी कार्यपुस्तक को प्रयोग | शिक्षक निर्देशिका को प्रयोग | अन्तर सम्बन्ध | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | क | मेरो दैनिक जीवन | | | | | | | |
| २ | ख | हाम्रो वातावरण | | | | | | | |
| ३ | ग | बानी र रूची | | | | | | | |
| ४ | घ | हाम्रो वरपरका जीवजन्तु | | | | | | | |

- सहभागीहरू समूहकार्य गरिरहँदा सहजकर्ताले समूहगत रुपमा आवश्यकताअनुसार सहजीकरण गर्ने र समूहगत रुपमा पालैपालो प्रस्तुत गर्न लगाउने। प्रस्तुतीकरणको आधारमा सहजकर्ताले पाठ्यक्रम, कार्यपुस्तक र शिक्षक निर्देशिकाको प्रयोग र अन्तरसम्बन्ध बारे स्पष्ट धारणा दिने।

**क्रियाकलाप ४: प्रतिबिम्बन** **(५ मिनेट)**

सहभागीलाई तलको निम्नअनुसारको प्रश्नमा प्रतिबिम्बन गराउने।

(क) हाम्रो सेरोफेरो विषयको हाम्रो वरपरका जीवजन्तु विषयक्षेत्रमा कुन कुन पाठ कुन कुन विषयसँग सम्बन्धित छ?

(ख) हाम्रो सेरोफेरोका विषयहरूलाई कुन ढाँचामा एकीकरण गरिएको छ ?

# एकीकृत शिक्षण सामग्रीको निर्माण, प्रयोग र नमुना शिक्षण

| दिनः चौंथो | सत्रः पहिलो | समयः १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षण सिकाइको क्रममा प्रयोग गरिने शिक्षण सामग्रीको विशेष महत्व रहेको हुन्छ। विषयवस्तुको प्रकृति, बालबालिकाको रुचि, चाहना, स्तर र उमेरलाई मध्यनजर गरी स्थानीय स्तरमा उपलब्ध हुने स्रोत साधनको प्रयोग गरी तयार गरिएको सामग्रीले पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य प्राप्तिमा अहम् भूमिका निर्वाह गर्छ। एकीकृत पाठ्यक्रमको मर्मअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि विषयक्षेत्रअनुसारको शिक्षण सिकाइ सामग्रीको निर्माण र प्रयोग आवश्यक हुने भएकोले सोही क्रियाकलापमा आधारित हुने गरी यो सत्र तयार गरिएको छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुनेछन्।

(क) हाम्रो सेरोफेरो विषयमा प्रयोग गर्न सकिने शिक्षण सामग्रीको निर्माण र प्रयोग गर्न।

(ख) हाम्रो सेरोफेरो विषयमा नमुना पाठ शिक्षण गर्न।

## सामग्रीहरू

- आधारभूत तह (१-३) पाठ्यक्रम, २०७६
- हाम्रो सेरोफेरो विषयको शिक्षक निर्देशिका
- हाम्रो सेरोफेरो विषयको विद्यार्थी कार्यपुस्तक
- न्युजप्रिन्ट, मेटाकार्ड, स्लाईड, मास्किङ् टेप, चार्ट पेपर, विभिन्न रङ्गका साइनपेनहरू आदि।

## मुख्य विषयवस्तु

- हाम्रो सेरोफेरो विषय प्रयोग गर्न सकिने शिक्षण समाग्रीको निर्माण र प्रयोग
- नमुना पाठ शिक्षण

## क्रियाकलाप सहजीकरण प्रक्रिया

**क्रियाकलाप १: ध्यानाकर्षण क्रियाकलाप** **(१० मिनेट)**

- सहजकर्ताले सहभागीहरूलाई विभिन्न समूहमा विभाजन गर्ने। प्रत्येक समूहलाई निम्न प्रश्न लेखिएको मेटाकार्ड प्रदान गर्ने।

  **प्रश्नः**

  - तपाईं कक्षाकोठामा कस्तो किसिमको सामग्री कसरी प्रयोग गर्नुहुन्छ ? कक्षाकोठामा प्रयोग गरिने सामग्री तपाईं आफैं तयार गर्नुहुन्छ ? कुन सामग्रीको प्रयोग गर्दा शिक्षण बढी प्रभावकारी भएको पाउनुभयो ? रेडिमेड कि स्थानीय स्तरमा पाइने साधनको प्रयोग गरी तयार गरिएको सामग्री ? आफैंले सामग्री तयार गर्दा कसरी तयार गर्नुहुन्छ ? कसैको सहयोगमा कि आफ्नो एकल प्रयासमा ?

- मेटाकार्डमा लेखिएको प्रश्नमा सहभागीहरूलाई समूह समूहमा छलफल गर्न लगाउने।
- समूहहरूको छलफलपश्चात् प्रत्येक समूहबाट एकजनालाई छलफलमा आएको कुराहरू भन्न लगाउने र सहजकर्ताले मुख्य बुँदा बोर्डमा टिपोट गर्ने।
- सहजकर्ताले आवश्यकता परेको खण्डमा सहजीकरण गर्दै स्पष्ट पार्ने।

**क्रियाकलाप २: सामग्री निमार्ण र प्रयोग** **(३० मिनेट)**

- सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने।
- प्रत्येक समूहलाई फरक फरक विषयक्षेत्रको फरक फरक पाठअनुसारको शिक्षण सामग्री तयार गर्न लगाउने।
- सामग्री निर्माणपश्चात् प्रस्तुतीकरण गर्न लगाउने। प्रस्तुतीकरणमा तयार गरिएको सामग्री कसरी सजिलै अरु विषयसँग जोड्न सकिन्छ वा सकिँदैन सो पनि सुनिश्चित गर्न लगाउने।
- प्रस्तुतीकरणपश्चात् सहजकर्ताले सहभागीहरूलाई अझ स्पष्ट धारणा दिने।
- सहभागीहरूलाई शिक्षण समाग्री निर्माण गर्न लगाउनुभन्दा पहिले सहजकर्ताले एउटा नमुना शिक्षण सामग्रीको निर्माण गर्ने। निर्माण गरिएको सामग्रीको प्रयोग बारे सहभागीहरूलाई स्पष्ट पार्ने।

## नमुना शिक्षण सामग्री निर्माण

- **आवश्यक सामग्रीः** जुता राख्ने बक्स, चक्कु, मर्कर, कार्डबोर्ड पेपर, टेनिस बल, स्केल, मास्किङ टेप।
- **सामग्री निर्माण प्रक्रियाः**
    - जुत्ता राख्ने कुटको बक्स लिने। तल चित्रमा देखाइएको जस्तै बक्सको एउटा छेउमा चारपाटे हुने गरी काट्ने। चारपाटेको एउटा छेउ बक्समा टाँसिने गरी काट्ने र त्यसलाई आवश्यकताअनुसार खोल्ने र बन्द गर्ने गरी मिलाउने। कार्डबोर्ड पेपरलाई गोलो हुने गरी बेर्ने। चित्रमा देखाइएको जस्तै बक्सको माथि गोलो कार्डबोर्ड पेपरको व्यास बराबरको गोलो प्वाल पार्ने। तयार पारिएको सामग्री भित्र फरक फरक कलरको टेनिस बल राख्ने।



**सामग्रीको प्रयोगः**

- यो सामग्री हाम्रो सेरोफेरो विषयको हाम्रो दैनिक जीवन विषयक्षेत्रको उज्यालो पाठको (विद्यार्थी कार्यपुस्तक पेज नं.५१ र ५३) शिक्षण गर्नाका लागि तयार गरिएको हो। यो विषयक्षेत्र चारैओटा सिकाइक्षेत्र भएको विषयक्षेत्रमा समावेश गरिएको हुनाले यसलाई शिक्षण सिकाइको क्रममा चारै ओटा विषयसँग अन्तरसम्बन्धित गर्न सकिन्छ, जस्तैः हाम्रो सेरोफेरोः उज्यालो, नेपालीः शब्द उच्चारण, अङ्ग्रेजीः Ball and Color गणितः ज्यामितीय आकार (गोलाकार र आयताकार) (सामग्रीको प्रयोगको लागि आधारभूत तह (१-३) पाठ्यक्रम, २०७६ पेज न. २८ र ३७, विद्यार्थी कार्यपुस्तकको पेज न. ५३ र शिक्षक निर्देशिकाको पेज न. ६० को क्रियाकलाप न. ४ हेर्ने।

### क्रियाकलाप ३ः नमुना पाठको प्रस्तुति (४५ मिनेट)

- सहजकर्ताले नमुना पाठ प्रस्तुत गर्नको लागि हाम्रो सेरोफेरो विषयमा रहेको १० ओटा विषयक्षेत्र अन्तर्गतका कुनै पनि पाठको नमुना पाठ योजना तयार गर्ने।
- तयार गरिएको नमुना पाठयोजना अनुसार नमुना शिक्षण गर्ने।

## नमुना पाठयोजना (कक्षा १)

विषयः हाम्रो सेरोफेरो | विषयक्षेत्रः मेरो दैनिक जीवन

पाठः हाम्रो शरीर | समयः ४५ मिनेट

**विशिष्ट उद्देश्यः** यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुनेछ।

(क) शरीरका बाहिरी अङ्गहरूको पहिचान र सरसफाइ गर्न।

विकास हुने व्यवहार कुशल सिपः स्वःव्यवस्थापन सिप, रचनात्मक सोच सिप

**शिक्षण सामग्रीः** पाठसँग सम्बन्धित चित्र, सरसफाइका लागि प्रयोग हुने समानहरू जस्तैः काइयो, साबुन, ब्रस, ऐना तथा अन्य औजारहरू, जस्तैः स्केल, कैंची, प्रयोगशालामा प्रयोग हुने समानहरू।

**सिकाइ सहजीकरण क्रियाकलाप** **(४३ मिनेट)**

- शिक्षकले आफूसँग भएको सामग्रीको प्रर्दशन गर्दै विद्यार्थीको ध्यान शिक्षण सिकाइ क्रियाकलापतिर केन्द्रित गर्ने।
- हाम्रो सेरोफेरो विषयको विद्यार्थी कार्यपुस्तकको पेज नं. ३० मा दिइएको गीत ताल र लयमा शिक्षकसँगै गीत गाउने।
- विद्यार्थीहरूलाई गोलो घेरामा राखी हाउभाउसहित गीत गाउन लगाउने।
- गीतमा प्रयुक्त शरीरका अङ्गहरू सरसफाइसम्बन्धी विद्यार्थीले दैनिक गर्ने गरेका कार्यहरू र गर्नुपर्ने कार्यहरूको बारेमा छलफल गराउने।
- विद्यार्थीहरूसँग छलफल गर्दा निम्न प्रश्नहरूलाई नमुना प्रश्नको रुपमा प्रयोग गर्न सकिन्छ।

  **प्रश्नः**

  तपाई कुन कुन समयमा हात धुनुहुन्छ ? कपाल सफा राख्न के गर्नुपर्छ ? दिनमा कतिपटक दाँत माझ्नुहुन्छ ? कानको काम के हो ? तपाईं हातगोडा कसरी सफाइ गर्नुहुन्छ ? नाक, कान र आँखामध्ये तपाईंलाई कुन अङ्ग सबैभन्दा बढी महत्वपूर्ण लाग्छ ? किन ?
- विद्यार्थी कार्यपुस्तकको पेज नं. ३१ मा दिइएका चित्रका बारेमा सामान्य छलफल गराउदै विद्यार्थीहरूलाई पालैपालो आ-आफ्नो शरीरका अङ्गहरू देखाउदै नाम भन्न लगाउने।
- विद्यार्थीहरूलाई घेरामा उभिन लगाउने। शिक्षकले कुनै अङ्ग छोएर त्यसको नाम उच्चारण गर्ने, जस्तैः कान (Ear), त्यस्तै शरिरको नाक (Nose), आँखा (Eye) आदि जस्ता अङ्गहरु छुदै

शिक्षकले त्यसको अंग्रेजी र नेपाली भाषामा नाम उच्चारण गर्ने र विद्यार्थीहरूलाई यो क्रियाककलाप दोहोर्याउन भन्ने।

**मुल्याङ्कन** **(२ मिनेट)**

(क) हामीले कुन कुन समयमा दाँत माझ्नु पर्छ ?

(ख) आवाज सुन्ने काम शरीरको कुन अङ्गबाट हुन्छ ?

**परियोजना/गृहकार्य**

**(क)** शरीरको विभिन्न अङ्गहरूको नाम र सङ्ख्या नेपाली र अङ्ग्रेजी दुइवटै भाषामा लेख्नुहोस। (मेरो दैनिक जीवन विषयक्षेत्र हाम्रो सेरोफेरो, नेपाली, अङ्ग्रेजी र गणित विषयसँग अन्तरसम्बन्धित भएकोले चारैओटा विषयको सिकाइ उपलब्धि (पाठ्यक्रम पेज ३७ र ४८) हासिल गर्ने गरी माथिको क्रियाकलाप सुनिश्चित गरिएको छ।)

***नोटः सहभागीहरूले कक्षा शिक्षण गर्दा ६० मिनेटको पाठयोजना निर्माण गर्नुपर्ने हुन्छ।***

**प्रतिविम्बन** **(५ मिनेट)**

सहभागीलाई तलको निम्नअनुसारको प्रश्नमा प्रतिबिम्बन गर्न भन्ने।

(क) स्थानीय स्रोत र साधनको प्रयोग गरी निर्माण गर्न सकिने कुनै ५ ओटा सामग्रीको नाम भन्नुहोस ?

# हाम्रो सेरोफेरो विषयमा सूक्ष्म शिक्षण र पृष्ठपोषण आदानप्रदान

| दिनः चौंथो | सत्रः दोस्रो | समयः१ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

सूक्ष्म शिक्षणबाट शिक्षण सिकाइ क्रियाकलापको क्रममा हुन सक्ने सम्भावित कमी कमजोरीहरूलाई सुधार गर्ने अवसर प्राप्त हुन्छ। सहभागी साथीहरूबाट पृष्ठपोषण प्राप्त हुने भएकोले सकारात्मक सोचको विकास हुन्छ। तसर्थ यो सत्र सूक्ष्म शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदानमा आधारित हुनेछ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नअनुसारका कार्यहरू गर्न सक्षम हुनेछन्।

(क) सूक्ष्म शिक्षण अभ्यासको माध्यमबाट तालिमलाई कक्षाकोठामा प्रयोग गर्न उत्प्रेरित गर्ने,

(ख) सूक्ष्म शिक्षणमा एक आपसमा पृष्ठपोषण आदान प्रदान गर्ने।

## सामग्रीहरू

- आधारभूत तह (कक्षा १-३) पाठ्यक्रम, २०७६
- हाम्रो सेरोफेरो विषयको शिक्षक निर्देशिका
- हाम्रो सेरोफेरो विषयको विद्यार्थी कार्यपुस्तक
- मार्कर, न्युजप्रिन्ट, मेटाकार्ड
- मास्किङ टेप, चार्ट पेपर
- विभिन्न रङका साइनपेनहरू आदि।

## मुख्य विषयवस्तु

- सूक्ष्म शिक्षण अभ्यास
- पृष्ठपोषण आदानप्रदान

## क्रियाकलाप सहजीकरण प्रक्रिया

### क्रियाकलाप १: सूक्ष्म शिक्षणको तयारी (२० मिनेट)

- सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने।
- प्रत्येक समूहलाई पाठ्यक्रम, २०७६, विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिका, न्युजप्रिन्ट, मार्कर, विभिन्न कलरको साइनपेन आदि समाग्री प्रदान गर्ने।
- प्रत्येक समूहलाई सूक्ष्म शिक्षण गर्नको लागि फरक फरक विषयक्षेत्रको फरक फरक पाठ छान्न लगाउने।
- छनौट गरेको पाठअनुसारको १० मिनेटको सूक्ष्म शिक्षण योजना (सामग्रीसहित) सबै सहभागीहरूको सहभागितामा तयार गर्न लगाउने।

### क्रियाकलाप २: सूक्ष्म शिक्षण अभ्यास (६५ मिनेट)

- प्रत्येक सहभागी समूहबाट एकजना समूह नेता छान्न लगाउने। समूहको नेतालाई १, २, ३ र ४ लेखिएको चिट्ठा थुत्न लगाउने।
- एक, दुई, तीन र चार लेखिएको समूहलाई क्रमशः पहिलो, दोस्रो, तेस्रो र चौथो समूह मान्ने र सोहीअनुसार समूहबाट प्रस्तुतीकरण गर्न लगाउने।
- समूहहरूको तर्फबाट पालैपालो प्रस्तुतीकरण भइरहँदा बाँकी सहभागीहरूलाई अवलोकनकर्ताका रुपमा सूक्ष्म शिक्षण अभ्यासको अवलोकन गर्न लगाउने।
- सहजकर्ताले पनि सूक्ष्म शिक्षणलाई अवलोकन गर्ने।
- एउटा समूहबाट सूक्ष्म शिक्षण अभ्यास सकेपछि छलफल गर्ने। सूक्ष्म शिक्षणकर्ता समूहलाई आफ्ना अनुभव भन्न लगाउने। अवलोकनकर्ताहरूलाई अवलोकन गर्दा देखिएका कुराहरूका आधारमा रचनात्मक पृष्ठपोषण प्रदान गर्न लगाउने। सहजकर्ताले पनि रचनात्मक पृष्ठपोषण प्रदान गर्ने।

### क्रियाकलाप ३: प्रतिबिम्बन (५ मिनेट)

सहभागीलाई तलको निम्नअनुसारको प्रश्नमा प्रतिबिम्बन गर्न लगाउने।

(क) सूक्ष्म शिक्षण गरिरहँदा विषयवस्तु एकीकरणको सन्दर्भमा सामना गर्नुपरेको समस्या भन्नुहोस्।

# गणित विषयमा एकीकृत सिकाइ सहजीकरण

**दिनः चौथो** **सत्रः तेस्रो** **समयः १ घण्टा ३० मिनेट**

## परिचय

हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार एकिकृत रुपमा सिकाइ क्रियाकलाप सञ्चालनार्थ आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६ निर्माण गरी त्यसका आधारमा विद्यार्थी पाठ्य तथा कार्यपुस्तक र शिक्षक निर्देशिका तयार गरिएको छ। नयाँ बनेको पाठ्यक्रम, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक र शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगका लागि अभिमूखीकरण तथा तालिम हुनु आवश्यक हुन्छ। त्यसैले, गणित विषयको पाठ्यक्रम, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय तथा एकीकृत सिकाइ सहजीकरणका लागि नमुना शिक्षण प्रस्तुतिलाई समेटेर यो सत्र तयार गरिएको छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्।

(क) आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुतीकरणको बारेमा बताउन,

(ख) विद्यार्थी पाठ्य तथा कार्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय दिन,

(ग) अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गरी तथा थिमसँग सम्बन्धित गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी सिकाइ सहजीकरण गर्ने ज्ञान तथा सिप हासिल गर्न।

## सामग्री

- पाठ्यक्रम
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक
- शिक्षक निर्देशिका
- मार्कर, साइनपेन, न्यूजप्रिन्ट पेपर, मेटाकार्ड, घडी, घडीका नमुना तथा चित्रहरू आदि।

## मुख्य विषयवस्तु

- आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुति
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय

- एकीकृत सिकाइ सहजीकरण नमुना क्रियाकलाप/नमुना पाठ प्रदर्शन

## क्रियाकलाप सहजीकरण प्रक्रिया

**क्रियाकलाप १: छलफल** **(३० मिनेट)**

- आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रम, २०७६ मा गणित विषयको स्थान र विषयवस्तुको प्रस्तुति, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक र शिक्षक निर्देशिकाको संरचना तथा विशेषताका सम्बन्धमा समूहमा अध्ययन गरी प्रस्तुतीकरण गर्न लगाउने तथा प्रोजेक्टरका माध्यमबाट स्वाइड प्रस्तुत गरी अन्तरक्रियाका माध्यमबाट प्रष्ट पार्ने।

**क्रियाकलाप २: अध्ययन तथा छलफल** **(१५ मिनेट)**

- सहभागीहरूलाई ४/५ जनाको समूहमा विभाजन गर्ने।
- कक्षा २ को मेरो दैनिक जीवन थिमअन्तर्गत समावेश गणित विषयका सिकाइ उपलव्धिहरू तथा अन्य विषयमा समावेश सिकाइ उपलव्धिहरूको अध्ययन गरी साझा सिकाइका विषयवस्तु तथा एकीकरणको अवस्था प्रस्तुत गर्न लगाउने।

**क्रियाकलाप ३: प्रश्नोत्तर** **(५० मिनेट)**


- कक्षा २ को मेरो दैनिक जीवन थिमअन्तर्गत रहेको "घडी हेरी घन्टा र मिनेटमा समय भन्न र लेख्न" भन्ने सिकाइ उपलव्धि हासिल गराउनका लागि तल दिइएअनुसारका क्रियाकलाप गराउने।
- सहभागीहरूलाई तपाईंहरूले हिजो कुन कुन समयमा कुन कुन क्रियाकलाप गर्नु भएको थियो भनी प्रश्न गर्ने र पालै पालो भन्न लगाउने। अन्य सहभागीहरूलाई साथीले भनेका कुरा ध्यान दिएर सुन्न लगाउने।
- आवश्यकताअनुसार तपाईंले हिजो बिहान, दिउँसो, बेलुका र रातीमा गरेका क्रियाकलापका बारेमा बताउँदै सोअनुसार सहभागीहरूलाई भन्न लगाउने।
- सहभागीहरूलाई तलका प्रश्नहरू सोध्ने र पालै पालो उत्तर भन्न लगाउने।
    - तपाईं बिहान कति बजे उठ्नु हुन्छ ?
    - घरमा प्रायः जसो कति बजे खाना खानुहुन्छ ?
    - विद्यालय कति बजे जानु हुन्छ ?
    - विद्यालयबाट घर कति बजे फर्कनुहुन्छ ?
    - घरमा बेलुकीको खाना कति बजे खानु हुन्छ ?

- ○ कति बजे सुत्नु हुन्छ ? आदि ।
- ○ हामीले समय कसरी थाहा पाउँछौं ? तपाईंको घरमा कस्तो घडी छ ?

- सहभागीहरूलाई विभिन्न समय देखाएको डिजिटल घडी वा डिजिटल घडीको चित्र अवलोकन गर्न लगाई कति बजेको छ ? भन्न लगाउने। (प्रश्नोत्तर गर्दा अङ्ग्रेजी भाषामा पनि गर्ने)।





- सहजकर्ताले आवश्यकताअनुसार सहयोग गरी डिजिटल घडी हेरी घण्टा र मिनेटमा समय पत्ता लगाउने, भन्ने र लेख्ने बारेमा प्रस्ट पार्ने।
- ▪ सहभागीहरूलाई विभिन्न समय अङ्कमा समेत देखाइएको सुईवाला अन्तरक्रियात्मक घडी वा त्यसको चित्र अवलोकन गर्न लगाई त्यसमा के के कुराहरू छन् र कति बजेको छ ? भन्न लगाउने। (एक पटकमा एकै खालका समय लिएर अभ्यास गराउनुहोस्।)





- घडीमा भएका मिनेट सुई र घन्टा सुईको बारेमा जानकारी गराउँदै घडीले डिजिटलमा देखाएको समय र सुईको अवस्थिति अवलोकन गर्न लगाई छलफल गरेर सुईवाला घडी हेरी समय पत्ता लगाउने सम्बन्धमा प्रष्ट पार्ने। यसका साथै साढे (half hour), सवा (quarter past) र पौने (quarter to) को बारेमा पनि प्रष्ट पार्ने तथा मिनेट सुईलाई पुरा एक फन्को घुमाउँदा


घन्टा सुई कति घुम्छ अवलोकन गर्न लगाई मिनेट र घन्टाको सम्बन्धका बारेमा समेत प्रष्ट पार्ने।


- सहभागीहरूलाई विभिन्न समय देखाएको सुईवाला घडी र घडीको चित्र (एक पछि अर्को घडी पछि घडीको चित्र) हेरी समय पत्ता लगाएर लेख्न लगाउने।





- बाक्लो कागजमा घडीको डायल (Clock face) र घडीका सुई बनाई घडीका सुई घुम्न मिल्ने गरी paper fastener ले घडीका सुईहरू जोड्नुहोस् र घडीका सुई घुमाएर तलका समयहरू घडीको डायलमा देखाउन लगाउने।

विहान खाना खानेसमय 

विद्यालय जाने समय 

विद्यालय पुग्ने समय 

गणित विषय शुरू हुने समय 

विद्यालयमा खाजा खाने समय 

**क्रियाकलाप ४: छलफल** **(५ मिनेट)**

- नमुना पाठ प्रस्तुतीकरणपश्चात सहभागीहरूसँग उक्त नमुना पाठ सिकाइ सहजीकरणका सम्बन्धमा छलफल गरी थिम तथा अन्य विषयसँग सम्बन्धित गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी सिकाइ सहजीकरण गर्ने प्रक्रियाका बारेमा प्रष्ट पार्ने।

**क्रियाकलाप ५:मूल्याङ्कन/प्रतिबिम्बन** **(५ मिनेट)**

- घडी हेरेर समय बताउनुहोस् र लेख्नुहोस्।
- तपाईंले गर्ने विभिन्न क्रियाकलापहरू मध्ये कुनै एउटा क्रियाकलाप शुरु हुने समयलाई घडीको चित्र बनाई देखाउनुहोस्।

# गणित विषय सिकाइ सहजीकरण नमुना पाठ प्रस्तुतीकरण

**दिनः पाचौ** | **सत्रः पहिलो र दोस्रो** | **समयः ३ घण्टा**

## परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा आधारभूत तह (कक्षा १–३) को एकिकृत पाठ्यक्रमअनुसार आधारभूत तह कक्षा १–३ मा एकिकृत रुपमा सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उल्लेख छ। नयाँ बनेको पाठ्यक्रमअनुसार गणित विषयको विषयवस्तुलाई बहुविषयक र विषयक ढाँचामा विभिन्न थिमहरूमा एकीकृत गरिएको छ। पाठ्यक्रमको मर्मअनुसार एकीकृत सिकाइ सहजीकरण सञ्चालन गर्नका लागि शिक्षकहरूमा एकीकृत सिकाइ सहजीकरण योजना निर्माण गरी सिकाइका क्रियाकलाप सञ्चालन गर्नु आवश्यक हुन्छ। त्यसका लागि पाठ्यक्रमअनुसार एकीकृत सिकाइ सहजीकरणका लागि योजना निर्माण गरी सुक्ष्म शिक्षण गर्नका लगि यो सत्र तयार गरिएको छ।

## उद्देश्य

यस सत्रको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन्।

(क) गणितका विषयवस्तुलाई अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गराई तथा थिमसँग सम्बन्धित गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी एकीकृत सिकाइ सहजीकरणका लागि योजना निर्माण गर्न।

(ख) एकीकृत सिकाइ सहजीकरण योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न।

## सामग्री

- पाठ्यक्रम, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, शिक्षक निर्देशिका, मार्कर, साइनपेन, न्यूजप्रिन्ट पेपर, मेटाकार्ड, आदि।

## मुख्य विषयवस्तु

- गणितका विषयवस्तुको एकीकृत सिकाइ सहजीकरणका लागि सिकाइ सहजीकरण योजना निर्माण
- सूक्ष्म शिक्षण अभ्यास

## क्रियाकलाप सहजीकरण प्रक्रिया

### क्रियाकलाप १: छलफल (१० मिनेट)

- गणित विषयको एकीकृत सिकाइ सहजीकरणका लागि शैक्षणिक योजना (दैनिक पाठयोजना) सम्बन्धमा छलफल तथा अन्तरक्रियाका माध्यमबाट प्रष्ट पार्ने।

### क्रियाकलाप २: समूह कार्य (१ घण्टा २० मिनेट)

- सहभागीहरूलाई ४ ओटा समूहमा विभाजन गर्ने र प्रत्येक समूहलाई तलका मध्ये एक एक ओटा विषयवस्तु उपलव्ध गराउने।

| समूह | विषयवस्तु |
|---|---|
| १ | लम्बाई (कक्षा १) |
| २ | क्रमात्मक सङ्ख्या (कक्षा १) |
| ३ | समान प्रकृतिका भाँडाहरूको अवलोकन गरी क्षमता तुलना (कक्षा २) |
| ४ | कुनै काममा लागेको समय (कक्षा ३) |

- प्रत्येक समूहलाई पाठ्यक्रम तथा पाठ्यसामग्री अध्ययन र समूहमा छलफल गरेर अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गराई तथा थिमसँग सम्बन्धित गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी एकीकृत सिकाइ सहजीकरणका लागि १५ मिनेटको सुक्ष्म शिक्षणका लागि योजना निर्माण गर्न लगाउने।
- आवश्यक सामग्री तयार गर्न लगाउने।
- प्रशिक्षकले आवश्यकताअनुसार सहयोग गर्ने।

### क्रियाकलाप ३: लघु शिक्षण (१ घण्टा ३० मिनेट)

- प्रत्येक समूहलाई आफ्नो समूहमा छलफल गरेर तयार गरेको सिकाइ सहजीकरण योजनाअनुसार १५ मिनेट सिकाइ क्रियाकलाप सञ्चालन गर्न लगाउने।
- समूह १ ले लघु शिक्षण गर्दा समूह २ का प्रत्येक सहभागीलाई समूह १ को सिकाइ सहजीकरण क्रियाकलापको मूल्याङ्कन गरी पाठपत्रमा उल्लिखित सहपाठी कक्षा शिक्षण अवलोकन फाराममा टिपोट गर्न लगाउने। यसैगरी समूह २ को समूह ३ का सहभागीलाई, समूह ३ को समूह ४ का सहभागीलाई र समूह ४ को समूह १ का सहभागीलाई सिकाइ सहजीकरण क्रियाकलापको मूल्याङ्कन गरी पाठपत्रमा उल्लिखित सहपाठी कक्षा शिक्षण अवलोकन फाराममा टिपोट गर्न लगाउने।

- समूह १ को सिकाइ सहजीकरणपश्चात समूह २ का सहभागीहरूबाट समूह १ लाई पृष्ठपोषण प्रदान गर्न लगाउने। त्यसैगरी अन्य समूहको पनि पृष्ठपोषण प्रदान गर्ने मुख्य जिम्मेवारी दिने। यसका साथै अन्य सहभागी र प्रशिक्षकबाट पनि पृष्ठपोषण प्रदान गर्ने र गर्न लगाउने।

**क्रियाकलाप ४: मूल्याङ्कन/प्रतिबिम्बन** **(५ मिनेट)**

- समूह कार्यमा सहभागिताको आधारमा मूल्याङ्कन गर्नुहोस्।
- सहपाठी कक्षा शिक्षण अवलोकन फाराम प्रयोग गरी मूल्याङ्कन गर्नुहोस्।

# मूल्याङ्कन प्रक्रिया र अभिलेखीकरण

| दिनः पाँचौ | सत्रः तेस्रो | समयः १ घण्टा ३० मिनेट |
|---|---|---|

## परिचय

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अभिन्न अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता प्रदान गर्ने कार्यलाई एकीकृत पाठ्यक्रमले जोड दिएको छ। यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ। प्रत्येक थिममा उल्लिखित सिकाइ उपलब्धि हासिल भए नभएको कुरा मूल्याङ्कनका उपयुक्त साधनहरूको प्रयोगबाट लेखाजोखा गरी थिमगत र वार्षिक रुपमा विद्यार्थीको उपलब्धिस्तर कायम गरी अभिलेखीकरण गर्नुपर्दछ। कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ। अर्का शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनुपर्दछ। यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो। यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ। पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटक पटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ। कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ। यसबाट विद्यार्थीहरूको कक्षा दोहोर्याउन क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ।

## उद्देश्य

सत्रको अन्त्यमा सहभागीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्।

(क) एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रियाको व्याख्या गर्न

(ख) विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रियासँग परिचय हुन र प्रयोगात्मक अभ्यास गर्न,

(ग) विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय दिन र निर्माण गरी प्रयोग गर्न।

## सामग्री

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली)

## मुख्य विषयवस्तु

(क) एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया

(ख) विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रिया र प्रयोगात्मक अभ्यास

(ग) विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय, निर्माण र प्रयोग

## क्रियाकलाप सहजीकरण प्रक्रिया

**क्रियाकलाप १: एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (१५ मिनेट)**

- विद्यार्थी मूल्याङ्कन के हो र यो कसरी गर्न सकिन्छ भन्ने विषयमा मस्तिष्क मन्थन गराउने।
- सहभागीहरूले व्यक्त गरेका अनुभवहरूलाई समेट्दै बुँदागत रुपमा शैक्षणिक पाटीमा लेख्दै जाने र निम्न निष्कर्ष दिने।
- सहभागीहरूलाई एकीकृत पाठ्यक्रम वितरण गर्नुहोस् र मूल्याङ्कन खण्ड अध्ययन गर्न लगाई निर्धारित मूल्याङ्कन प्रक्रिया जोड दिन खोजिएका पक्षहरूलाई प्रस्तुत गर्न लगाउने। सहभागीहरूले प्रस्तुत गरेका पक्षहरूलाई समेट्दै वर्तमान पाठ्यक्रमले शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनको प्रयोग गर्ने र सिकाइका लागि मूल्याङ्कन प्रयोग गर्नुपर्ने पक्षलाई जोड दिएको कुरा बताउने।

- अपाङ्गता भएका विद्यार्थीका लागि मूल्याङ्कनका तरिका तथा साधनको प्रयोग गर्ने तरिका सम्बन्धमा छलफल गराउने र स्लाइडद्धारा मूल्याङ्कन गर्ने तरिका प्रष्ट पार्ने।
- स्लाइडद्धारा एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई उदाहरणसहित प्रष्ट पार्ने। एकीकृत पाठ्यक्रममा समेटिएको मूल्याङ्कन पद्धतिले मूलतः सिकाइका लागि मूल्याङ्कन र आत्म मूल्याङ्कनलाई जोड दिएको छ र यी दुवै मूल्याङ्कनको आधारमा विद्यार्थीको उपलब्धिको निर्णय गर्ने प्रक्रियामा जोड दिएकोले तीनै प्रकारका मूल्याङ्कनमा वर्तमान एकीकृत पाठ्यक्रमले जोड दिएको कुरा निष्कर्ष दिने।

**क्रियाकलाप २ विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रिया (२५ मिनेट)**

- सहभागीहरूलाई पाँच समूहमा समूहमा विभाजन गर्ने। प्रत्येक समूहलाई पाठ्यक्रम वितरण गर्ने। तपसिलको समूहलाई तोकिएको कार्य गर्न लगाउने।
  - समूह कः पोर्टफोलियो (कार्य सञ्चयिका) र अभिलेखीकरण गर्ने प्रक्रिया
  - समूह खः नेपाली विषयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (उपलब्धि प्रतिशतः थिम, मूल्याङ्कन वा परीक्षण गर्ने पक्ष/सिकाइ उपलब्धि, नियमित सिकाइ पछिको मूल्याङ्कन, थप सहायतापछिको मूल्याङ्कन आदि)
  - समूह गः अङ्ग्रेजी विषयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (उपलब्धि प्रतिशतः थिम, मूल्याङ्कन वा परीक्षण गर्ने पक्ष/सिकाइ उपलब्धि, नियमित सिकाइ पछिको मूल्याङ्कन, थप सहायतापछिको मूल्याङ्कन आदि)
  - समूह घः गणित विषयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (उपलब्धि प्रतिशतः थिम, मूल्याङ्कन वा परीक्षण गर्ने पक्ष/सिकाइ उपलब्धि, नियमित सिकाइ पछिको मूल्याङ्कन, थप सहायतापछिको मूल्याङ्कन आदि)
  - समूह ङः हाम्रो सेरोफेरो विषयमा विद्यार्थी मूल्याङ्कन प्रक्रिया (उपलब्धि प्रतिशतः थिम, मूल्याङ्कन वा परीक्षण गर्ने पक्ष/सिकाइ उपलब्धि, नियमित सिकाइ पछिको मूल्याङ्कन, थप सहायतापछिको मूल्याङ्कन आदि)
- समूहगत रूपमा तोकिएको कार्यको प्रस्तुत गर्न लगाउने। अन्य समूहका सहभागीलाई समेत आवश्यक पृष्ठपोषण दिन लगाउने। सहजकर्ताले विद्यार्थीको पोर्टफोलियोमा सामान्यतया निम्न पक्षहरू समेटी विद्यार्थीले गरेका कार्यको अभिलेखीकरण गर्ने कुरा स्पष्ट पार्दै प्रत्येक विद्यार्थीको लागि एउटा एउटा पोर्टफोलियो बनाउनुपर्ने कुरा बताउने।

पोर्टफोलियमा समेट्नुपर्ने पक्षहरू (१) विद्यार्थीको व्यक्तिगत विवरण, पारिवारिक विवरण र स्वास्थ्य सम्बन्धी विवरण (२) विद्यार्थीले गरेका परियोजना तथा प्रयोगात्मक कार्य, कक्षाकार्यलगायत (३) विद्यार्थीले गरेका विशेष कार्यहरु (४) थिमगत विद्यार्थीको उपलब्धि विवरण आदि।

- बाँकी चारओटा समूहलाई विषयगत रुपमा विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने प्रक्रिया सम्बन्धमा कुनै एउटा थिममा नमुना फाराम भरी थिमगत उपलब्धिस्तरलाई समेटी प्रस्तुत गर्न लगाउने। एउटा समूहले प्रस्तुत गर्दा अन्य समूहलाई सुधारको लागि पृष्ठपोषण दिन लगाउने र सहजकर्ताले समेत सुझाव दिने।
- विद्यार्थीको उपलब्धिस्तर र त्यसको व्याख्यालाई हरेक विषयमा भएको प्रावधानलाई तपसिलको चार्टद्वारा प्रष्ट पार्ने।

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य ब्याख्या |
|---|---|---|
| कमजोर<br>Below basic | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको। |
| सामान्य<br>Basic | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको। |
| राम्रो<br>Proficient | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको। |
| उच्च<br>Advanced | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको। |

**क्रियाकलाप ३: विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिस्तर पत्ता लगाउने अभ्यास (२० मिनेट)**

- माथि छलफल गरिएअनुसार विद्यार्थीको थिमगत रूपमा उपलब्धिस्तर निकाल्ने तरिका छलफल गर्ने। थिमगत तथा वार्षिक रुपमा विषयगत रुपमा उपलब्धि स्तर निकाल्ने तपसिलको सूत्रमा छलफल गर्ने।

$$\text{थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

- थिमगत वा विषयगत उपलब्धि प्रतिशत निकालिसकेपश्चात् तपसिलको आधारमा ग्रेड कायम गरिने कुरा बताउने।

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको ब्याख्या |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० र सो भन्दा माथि ४५ भन्दा कम | D | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | C | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | B | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | A | उच्च |
| ९० र सो भन्दा माथि | $A^+$ | उत्कृष्ट |

**क्रियाकलाप ४: विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय, निर्माण र प्रयोग (२५ मिनेट)**

- विद्यार्थीले गरेका कार्यहरूको सही तरिकाले मूल्याङ्कन गर्नको लागि कस्ता कस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ ? उक्त तरिका प्रयोग गरी अनुभव आदानप्रदान गर्न लगाउने।
- एकीकृत पाठ्यक्रम वितरण गर्ने र उक्त पाठ्यक्रममा दिइएका तपसिलमा दिइएका मूल्याङ्कन तरिका र साधनहरूमा छलफल गर्न लगाउने।

| क्र.स. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रूजुसूची रूब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रब्य तथा दृष्य सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, छोटा प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रब्य तथा दृष्य सामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रूजुसूची रूब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न |
| ५ | कार्यसम्पादन तथा प्रदर्शन | अवलोकन, रूजुसूची रुब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रूजुसूची श्रेणी मापन, फाराम |
| ७ | स्वमूल्याङ्कन | रूजुसूची श्रेणी मापन, फाराम |
| ८ | अभिभावकको प्रतिक्रिया | रूजुसूची श्रेणी मापन, फाराम |
| ९ | कुराकानी तथा छलफल | अवलोकन, रूजुसूची श्रेणी मापन फाराम |

- मूल्याङ्कनका साधनहरूको नमुना (रुजु सूची, रुब्रिक्स, श्रेणीमापन आदि) प्रस्तुत गर्ने।
- सहभागीहरूलाई ५ समूहमा विभाजन गर्ने र नेपाली, अङ्ग्रेजी, गणित वा सेरोफेरो मध्ये कुनै एक विषयमा तपसिलका मूल्याङ्कनका साधनहरू तयार गरी प्रयोग गर्ने तरिका समेत प्रस्तुत गर्न लगाउने।
    - समूह कः रुजु सूची
    - समूह खः श्रेणी मापन
    - समूह गः रुब्रिक्स
    - समूह घः स्वःमूल्याङ्कन फाराम
    - समूह ङः लिखित परीक्षाको लागि प्रश्न निर्माण, मौखिक प्रश्न सोध्ने तरिका
- एउटा समूहले प्रस्तुति गरिसकेपश्चात् अन्य समूहलाई समेत सुधारको लागि आवश्यक पृष्ठपोषण दिन लगाउने।
- निश्चित आधारलाई लिई उक्त कार्य गरे नगरेको, भए नभएको पक्षको लागि रुजुसूची, आधार र अंकन वा अक्षरको आधारमा श्रेणीमापन तथा आधार, अंकनको तह वा अक्षर र सूचकसहितको आधारमा मूल्याङ्कन गर्ने साधनको रुपमा रुब्रिक्स प्रयोग गर्न सकिने कुरा एक एक नमुनासहित प्रस्तुत गर्ने।
- यसै गरी विद्यार्थीहरूलाई मौखिक तथा लिखित प्रश्न सोध्दा ज्ञान, बोध, प्रयोग तथा उच्च तहलाई ध्यान दिई प्रश्न सोध्ने कुरा बताइदिने।

**क्रियाकलाप ५: प्रतिबिम्बन/मूल्याङ्कन (५ मिनेट)**

- एकीकृत पाठ्यक्रमअनुसार विद्यार्थी मूल्याङ्कन कसरी गर्नुपर्ने रहेछ ?
- वर्तमान एकीकृत पाठ्यक्रमले विद्यार्थीहरूले गरेका कार्यहरूको सही तरिकाले मूल्याङ्कन गर्न कुन कुन पक्षलाई जोड दिइएको छ ?
- वर्तमान पाठ्यक्रमले मूल्याङ्कनका कुन कुन विधि र तरिका प्रयोग गर्ने पक्षमा जोड दिएको छ?
- मूल्याङ्कनका कुन कुन साधनहरूको प्रयोग गरी विद्यार्थी उपलब्धिस्तरको लेखाजोखा गर्न सकिन्छ ?
- वर्तमान एकीकृत पाठ्यक्रमले Assessment for learning, Assessment as learning, Assessment of learning लाई कसरी प्रयोग गर्ने कुरा उल्लेख गरेको छ ?